# बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सीप विकासका लागि सहजीकरण निर्देशिका



प्रकाशक

सहयोग

- LIVET MED UDVIKLINGSHANDICAP

# बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सीप विकासका लागि सहजीकरण निर्देशिका



प्रकाशक

सहयोग

Lev
- LIVET MED UDVIKLINGSHANDICAP

**प्रकाशक**

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ, नेपाल

फोन नं. : ०१-४५१६४७३

इमेल : info@pfpid.org.np

वेबसाइट : www.pfpid.org.np

पहिलो संस्करण : २०८०

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

परामर्शदाता : उद्धवराज अवस्थी

सहयोग : लेभ इन्क्लुजन डेनमार्क

प्रेस : नमस्ते नेपाल प्रेस प्रा.लि.

## हाम्रो भनाई

सूचना विकासको अभिन्न अङ्ग हो । कुनै पनि व्यक्तिलाई सशक्त बनाउनका लागि सूचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । हाम्रो जस्तो गरिबी, अशिक्षा र भौगोलिक विकटतायुक्त मुलुकमा राज्यप्रदत्त सेवा, सुविधा, अवसर, सहुलियत र अधिकारका बारेमा पर्याप्त जानकारी नहुँदा, ठुलो संख्यामा नागरिक यसको उपभोगबाट वञ्चित हुँदै आइरहेको हुन्छन् । अपाङ्गता भएका व्यक्तिहरूलाई एकातर्फ समाज, समुदाय, आफ्नो वर्गभित्र र समाजिक  पारिवारिक रुपमा विभिन्न प्रकारका विभेद र उपेक्षा भइरहेको अवस्था छ । अर्कोतिर सरल र पर्याप्त सूचनाको अभावमा राज्यले उनीहरूलाई प्रदान गरेका सेवा, सुविधा, अधिकार, सहुलियत र अवसरहरूको सहज उपभोग गर्न कठिनाई छ । कस्तो प्रकारको सेवा सुविधा कुन निकायवाट कस्तो प्रक्रिया अपनाएर कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा एकीकृत र पहुँचयुक्त सूचनाको अभावमा अन्योल छ । अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र सम्वर्द्धनका लागि क्रियाशील राज्यका निर्णयलाई कार्यान्वयन गर्ने स्थानीय तह तथा गैर सरकारी निकाय, अधिकारकर्मी, अभिभावक समुहहरूलाई पनि यस्ता विषयमा पर्याप्त जानकारी हुन नसक्दा सेवा सुविधाको प्रभावकारी वितरण तथा नीति कार्यान्वयन गरी लक्षित समूहका  लागि काम गर्न असजिलो भैरहेको छ । यस निर्देशिकालाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को छोटो अवधिको तालिम पाठ्यक्रमलाई आधार बनाई बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सहज हुनेगरी छोटो र सरल ढंगबाट ज्ञान तथा सीप प्रदान गर्ने र रोजगारी तथा स्वरोजगारका अवसरहरुको पूर्वतयारीको लागि यो श्रोत पुस्तिका तयार गरिएको हो । यस भित्र रोजगारदाता, अभिभावक, परिवार, सँगै काम गर्ने सहकर्मी, तालिम प्रदायक संस्थाहरुको भूमिकाको बारेमा समेत समेटिएको छ । यो निर्देशिका तयार गर्न महत्वपूर्ण  भूमिका निर्वाह गर्ने परामर्शदाता **श्री उद्धबराज अवस्थी**लाई विशेष धन्यवाद दिन चाहन्छु । प्राविधिक रुपमा सहयोग गर्ने **श्री निर्मल भण्डारी**प्रति धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

यसैगरी यो निर्देशिकालाई निर्माणका क्रममा सूचना तथा सामग्रीहरु प्रदान गरी आ-आफ्नो तर्फबाट महत्वपूर्ण सहयोग पुर्याउनुहुने संस्थाका कार्यक्रम व्यवस्थापक श्री भुषण राउत र रोजगार अधिकृत प्रगति खड्का लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो प्रकाशनले बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिम सहजरुपमा प्राप्त गर्न तथा सरोकारवालाहरुलाई बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई कसरी आर्थिक सशक्तिकरण गर्न सहयोग गर्ने भन्ने कुरा सहजरुपमा बुझ्नको लागि सहयोग पुग्नेछ । यस निर्देशिकालाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने भएको हुँदा सरकारी तथा गैर सरकारी सरोकारवाला निकाय र व्यक्तिहरुमा आवश्यक सुझाव, सल्लाह सहित पृष्ठपोषणका लागि हार्दिक अनुरोध गर्दछौं ।

यहाँहरुको सल्लाह, सुझावले यो सामग्री भोलिका दिनहरुमा अझ परिस्कृत, उपयोगी र बौद्धिक अपाङ्गतामैत्री हुनेछ भन्ने कुराको विश्वास गरेको छु ।

धन्यवाद ।

राजु बस्नेत
अध्यक्ष

## विषय सूची:

**पहिलो खण्डः परिचय ........ १**

१.१ बौद्धिक अपाङ्गता ........ १

१.२ बौद्धिक अपाङ्गता अभिभावक महासंघ नेपाल ........ २

१.३ निर्देशिकाको निर्माण प्रकृया ........ २

१.४.तालिम निर्देशिकाको आवश्यकता ........ २

१.५ निर्देशिकाको उद्देश्य ........ ३

१.६ निर्देशिकाको औचित्य ........ ३

१.७ लक्षित समुदाय ........ ३

१.८ निर्देशिकाको प्रयोग सम्बन्धमा ........ ४

**दोश्रो खण्डः रोजगारीका लागि नीतिगत व्यवस्था ........ ५**

२. अपाङ्गता नीतिगत व्यवस्था बारे संक्षिप्त जानकारी ........ ५

२.१ नेपालको संविधान, २०७२ ........ ५

२.२ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ........ ६

२.३ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ ........ ६

२.४ अपाङ्गता भएका व्यक्तिहरुको स्वररोजगार प्रवर्द्धनका लागि विद्यमान कानुनी ७

२.५ प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ ........ ७

२.६ सहकारी ऐन २०७४ ........ ७

**तेस्रो खण्डः सहयोगी निकायको भूमिका ........ ८**

३.१ बौद्धिक अपाङ्गता भएका व्यक्तिको भूमिका ........ ८

३.२ अभिभावकको भूमिका ........ ९

३.३ सहकर्मी (को-वर्कर) को भूमिका ........ १०

३.४ तालिम दिने संस्थाको भूमिका ........ १०

३.५ समुदायको भूमिका ........ ११

३.६ रोजगार दिने निकायको भूमिका ........ ११

३.७ सेवा लिने (ग्राहक) व्यक्तिको भूमिका ........ १२

३.८ स्थानीय सरकारको भूमिका ........ १३

**चौंथो खण्डः तालिम संचालनका बिधि र प्रक्रिया ........ १४**

४.१ परिचय ........ १४

४.१.१ कार्य विश्लेषण ( Task analysis ) ........ १४

४.२ रुचि पहिचान गर्ने ........ १४

४.३ कार्यलाई चरण चरणहरूमा विभाजन गर्ने .................................................... १४
४.४ अवलोकन र जानकारी सङ्कलन गर्ने .................................................... १५
४.५ कार्यसिमितता (जटिलता) को स्तरको मूल्याङ्कन गर्ने .................................... १५
४.६ आवश्यकताहरू पहिचान गर्ने .................................................... १५
४.७ चरणहरू कल्पना गर्ने .................................................... १५
४.८ सहयोगी रणनीतिहरू निर्धारण गर्ने .................................................... १५
४.९ पुनर्वल (सुदृढीकरण) ( reinforcement ) सकारात्मक प्रतिक्रिया
प्रदान गर्ने .................................................... १५
४.१० पहुँचयुक्तता, रंग र संख्या ( Accessibility/colour/numbers )...................... १६
४.११ दृश्यात्मक तालिका र सामग्रीहरु.................................................... १६
४.१२ ( Augmentative and alternative communication )
अगमेन्टेटिभ एण्ड अल्टरनेटिभ कम्युनिकेसन ( AAC ) उपकरणहरू:................. १७
४.१३ गमनशिलता श्रृंखला ( Mobility chain )........................................ १७
४.१४ कार्यस्थल वातावरण ( Workplace environment )...................................... १७
४.१५ वैयक्तिक आवश्यकता ( Individual need ) .............................................. १८
४.१६ अवरोध ( Barriers ) .................................................... १८
४.१७ सिकाइ ढाँचा ( Learning pattern ) .................................................... १९
४.१७.१ सरल तथा सचित्र भाषा ( Easy to read ) ............................................ १९
**पाँचौ खण्डः तालिममा विषयगत क्षेत्रहरुः .................................................... २०**
५.१ असिष्टेण्ट हाउसकिपिङ्ग क्लिनर ( Assistant Housekeeping cleaner ) ............. २०
५.२ वेटर ( waiter ) .................................................... २७
५.३ किचन सहयोगी .................................................... २९
५.४ सेक्युरीटि गार्ड .................................................... ३२
५.५ प्याकेजिङ सहयोगी .................................................... ३२
५.६ पेन्टीङ्गर चित्रकला .................................................... ३५

## १.१ बौद्धिक अपाङ्गता

बौद्धिक अपाङ्गता भनेको उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर र वातावरण सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति भन्ने बुझिन्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले सहजरुपमा एकै पटकमा सिक्न कठिनाइ हुन्छ । आफ्ना विचार वा तर्कहरु पेश गर्न र आफ्नो समस्या आफैं समाधान गर्न समेत कठिन हुन्छ । यसका साथै उनीहरुलाई सञ्चारमा (छिटो बुझ्न) कठिनाइहरू हुने गर्दछ । जसले गर्दा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनमा अन्य व्यक्तिहरुका तुलनामा काम गर्न कठिनाइ हुने गर्दछ ।सबै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको सिकाइ प्रकृयामा एकरुपता हुँदैन । बौद्धिक अपाङ्गताको गाम्भिर्यताको आधारमा सिकाइ प्रकृया ढिलो छिटो हुन सक्छ ।

**सामान्य बौद्धिक अपाङ्गताः** भएका व्यक्तिहरूले प्रायः सिकाईमा केही कठिनाइहरू भोग्ने गर्छन् तर उपयुक्त वातावरण, समयमा पहिचान र सहयोग भएको खण्डमा व्यवहारिक सीपहरू सिक्न सक्छन् । सञ्चार र समाजीकिकरणमा उल्लेखनीय चुनौतीहरूको सामना गर्न सक्छन् ।

**मध्यम बौद्धिक अपाङ्गताः** भएका व्यक्तिहरुले सिकाई, सञ्चार र समाजीकिकरणमा सामान्य चुनौतीहरूको सामना गर्न सक्छन् । यस तहका व्यक्तिहरूलाई सामान्यतया दैनिक जीवनका गतिविधिहरू गर्नका लागि थप सहयोग, नियमित हेरचाह र अनुगमनको आवश्यकता पर्दछ ।

**अति अशक्त बौद्धिक अपाङ्गताः** भएका व्यक्तिहरूलाई सञ्चारमा निकै कठिनाइ हुन्छ र व्यक्तिगत हेरचाह र गमनशिलता लगायत दैनिक कार्यहरूमा निरन्तर अरुको सहयोगको आवश्यकता हुन सक्छ ।

**पूर्ण अशक्त बौद्धिक अपाङ्गताः** गाम्भिर्यताको सबैभन्दा गम्भीर स्तर हो । यस्ता व्यक्तिहरूले आफै कार्य गर्न र दैनिकी चलाउन गाह्रो हुन्छ। जसलाई दैनिक जीवनका हरेक पक्षहरूको लागि निरन्तर अरुको पूर्ण सहयोग र हेरचाह आवश्यक पर्दछ ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अवस्था अनुसार आवश्यकताहरु फरक फरक हुन सक्छन । तसर्थ उनीहरुको अवस्था र स्तरलाई ध्यान दिई सहज तथा अर्थपूर्ण जीवन बिताउन समावेशी दृष्टिकोण आवश्यक छ ।

## १.२ बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको अभियानलाई नेतृत्व गर्ने राष्ट्रियस्तरको क्रियाशील एकमात्र छाता संस्था हो । २०६८ सालमा स्थापित यस महासंघका ६१ जिल्लामा सदस्य संस्थाहरु र संजालहरु रहेका छन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सम्मान सुनिश्चितताका लागि वकालत, जनचेतना, क्षमता विकास र सञ्जालीकरणको माध्यमबाट आफ्ना उदेश्यहरु पुरा गराउन कृयाशिल छ ।यसका लागि परिवार, समाज, सरोकारवाला निकायहरु हुँदै सबै तहका सरकारसँग अधिकार प्राप्तिको लागि समन्वय र सहकार्य गर्दछ ।

बौद्धिक अपाङ्गता तथा तिनका अभिभावकहरूलाई अधिकारमूखी अवधारणा अनुसार प्रवर्द्धन तथा परिचालन गर्नका लागि समावेशी शिक्षा, स्व-वकालत, महिला तथा बालबालिकामा हुने सबै किसिमका हिंसाका बिरुद्ध, आधारभूत अधिकारका लागि पैरवी गरिरहेको छ । यसका साथै कार्यक्रमको दीगोपना तथा क्षमता विकास जस्ता विषयगत क्षेत्रहरूमा आधारित भई आफ्ना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस महासंघले आगामी सन् २०२२-२६ का लागि समावेशी शिक्षा, स्व-वकालत तथा जीविकोपार्जनमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

## १.३ निर्देशिकाको निर्माण प्रकृया

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीको सम्भावनाका बारेमा अध्ययन गर्यो। उक्त अध्ययनबाट नेपालमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगार दिन निजी क्षेत्र तयार छ र बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकहरु रोजगारीमा पठाउन चाहन्छन र स्वय व्यक्तिहरु रोजगार गरी आय आर्जन गर्न चाहन्छन भन्ने निष्कर्ष निस्कियो ।

अध्ययनबाट पहिचान गरिएका रोजगारीका क्षेत्रहरुलाई आधार मानी तालिम पाठयक्रम निर्माण गर्न उपयुक्त हुन्छ भन्ने ठहर संस्थाले गरी संस्थाको नियमनानुसार परामर्शदाता नियुक्ति गरियो । अन्य तालिम निर्देशिका भन्दा फरक बौद्धिक अपाङ्गता भएका ३ जना महिला र १ जना पुरुष सहित ४ जना व्यक्तिहरुलाई १ महिनाको अभ्यासगत अनुभव (म्हउभचषभलतष्बा द्यभकष्क) का लागि तालिम दिइयो । उक्त तालिममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले गरेका कामको अनुगमन, निजहरुलाई सहजीकरण गर्ने व्यक्तिहरुसँग परामर्श र स्वय व्यक्तिहरुसँगका छलफलका आधारमा यो तालिम निर्देशिका तयार गरिएको हो ।

## १.४.तालिम निर्देशिकाको आवश्यकता

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल (एँएक्ष्म) ले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न तालिम तथा सीपहरु प्रदान गरी रोजगारीका अवसरहरुसँग जोड्ने उद्देश्यले यो व्यावसायिक तालिम प्रशिक्षण पुस्तिका तयार गरिएको छ । एँएक्ष्म ले बौद्धिक अपाङ्गता भएका व्यक्ति र परिवारलाई व्यावसायिक तालिम, ज्ञान र सीप प्रदान गर्दै स्रोतहरूमा पहुँच वृद्धि गरी व्यवसायिकताका माध्यमबाट आर्थिक क्रियाकलापहरुमा संलग्न गराई आर्थिक सशक्तिकरण गर्ने लक्ष्य राखेको छ । महासंघले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वतन्त्रता, आत्म-विश्वास र अर्थपूर्ण रोजगारीका अवसरहरू प्रवर्द्धन गर्न व्यवसायिक सीपहरूले महत्वपूर्ण भूमिका खेल्छ भन्ने मान्यता राख्दछ ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका चाहना अनुरुप उपयुक्त तालिम र अवसर प्रदान गर्न सके उनीहरु सिक्नका लागि रुची राख्न सक्छन् भन्ने कुरामा विश्वास राख्दछ । यस निर्देशिकाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताहरु जस्तैः उपयुक्त अनुकुलता, पहुँचयुक्तता, कार्य विश्लेषण, सहकर्मी सहायता र यातायातको आवश्यकतालाई सम्बोधन गर्दछ । यस निर्देशिकाले बौद्धिक अपाङ्गता भएका व्यक्तिका परिवार, यस क्षेत्रमा काम गर्ने संस्थाहरू, सेवा प्रदायकहरू, विशेषज्ञ, सरोकारवालाहरूसँग सहकार्य बढाउन र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीका अवसरहरु उपलब्ध गराउन सहयोगीका रुपमा काम गर्नेछ । बौद्धिक

अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको रोजगारीको लक्ष्यहरू प्राप्त गर्न, सम्मानित जीवन जिउन, आवश्यक सीप, ज्ञान तथा स्रोतहरू प्राप्त गर्न निर्देशिकाले महत्वपुर्ण भूमिका खेल्नेछ । यस निर्देशिकाले बौद्धिक अपाङ्गता भएका व्यक्ति र तिनका परिवारलाई आवश्यकताहरूको वकालत गर्न, सेवा प्रदायकहरूसँग प्रभावकारी रूपमा सञ्चार गर्नका लागि सहयोग पुग्नेछ । समान चुनौतीहरूको सामना गरिरहेका अन्य परिवारहरूलाई समेत यस निर्देशिकाले सहयोगी भूमिका खेल्नुका साथै समृद्ध र समावेशी समुदाय निर्माण र अभिभावकहरूबीच एकताको भावनालाई बढावा दिनलाई कोशेढुङ्गा साबित हुन सक्ने विश्वास गरिएको छ ।

## १.५ निर्देशिकाको उद्देश्य

- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी सम्बन्धी ज्ञान र सीपमा बृद्धि गरी रोजगारीका लागि योग्य बनाउने ।
- ✦ सैद्धान्तिक र व्यावहारिक दुवै पक्षमा बौद्धिक अपाङ्गता समावेशी विकासको लागि आधारभूत ज्ञान प्रदान गर्नु ।
- ✦ अभिभावक, हेरचाहकर्ताहरू र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह गर्नको लागि सहयोगी दृष्टिकोण प्रवर्द्धन गर्नु ।
- ✦ सरोकारवालाहरु (रोजगारदाता, सहकर्मी, तालिम प्रदायक संस्था, समुदायका व्यक्ति, परिवारका सदस्यहरु) ले आफ्नो भूमिका बारेमा जानकारी प्राप्त गर्ने साथै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा सहयोग गर्ने ।

## १.६ निर्देशिकाको औचित्य

यस निर्देशिकाले बिशेष गरी बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि उपयुक्त व्यवसायिक प्रशिक्षण स्रोत सामग्री र मार्गदर्शन प्रदान गर्ने लक्ष्य राखेको छ । निर्देशिकाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताहरु पहिँचान गर्न, क्षमताहरू अभिवृद्धि गर्न, सीप विकास गर्न, रोजगारीका अवसरहरू बृद्धि गर्न र सिकाउने शैलीहरूको बारेमा सम्बोधन गर्न केन्द्रित रहेको छ। यो निर्देशिका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्ने व्यवसायिक संस्था तथा प्रशिक्षकहरूका लागि समेत उपयोगी हुन सक्छ । साथै यो निर्देशिका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा क्षेत्रहरु बढाउन र स्रोतहरूबारे विस्तृत जानकारी उपलब्ध गराउन सहयोगी हुनेछ । यसका साथै निर्देशिकाले समावेशी रोजगारी अभ्यासहरू प्रवर्द्धन गर्न, रोजगारीमा संलग्न हुने व्यक्ति र रोजगारदाता समुदायहरू बीच जागरूकता सिर्जना गर्न, समावेशी कार्यस्थलहरू सिर्जना गर्न, सम–बुझाई बढाउन सहयोग गर्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा कर्मचारीको रुपमा राख्दा हुने फाइदाहरू बारे जानकारी दिने सन्दर्भ स्रोत समेत हुन सक्छ ।

## १.७ लक्षित समुदाय

तालिम मार्फत बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गरी रोजगारीमा संलग्न हुन चाहने मुख्य सरोकारवालाहरूसम्म पुग्नु, सकारात्मक प्रभाव सिर्जना गर्नु, समावेशीता प्रवर्द्धन गर्नु निर्देशिकाको मुख्य लक्ष्य हो । उल्लेखित लक्ष्य हासिल गर्न निम्न लक्षित समुदायका व्यक्तिहरु समक्ष पुग्ने लक्ष्यका साथ बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल (एँएक्स्न) द्वारा यो

निर्देशिका तयार गरिएको छ ।

१. बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू

२. अभिभावक र हेरचाहकर्ताहरू

३. व्यवसायिक प्रशिक्षकहरू

४. सेवा प्रदायकहरू निकायहरु

५. रोजगारी र व्यवसायिक समुदायहरू

६ सेवा लिने ग्राहकहरु

## १.८ निर्देशिकाको प्रयोग सम्बन्धमा

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजागरी सम्बन्धी सीप सिकाउनका लागि तालिम प्रदान गर्ने संस्था, स्वयम् व्यक्तिहरु, रोजगार प्रदायक निकायहरू, सहकर्मीहरु (को वर्कर) ले यो तालिम निर्देशिका प्रयोग गर्नेछन् । निजी क्षेत्रहरू, तालिम प्रदायक संस्थाहरू, रोजगारदाताहरूले बौद्धिक अपाङ्गतामैत्री व्यवसायिक सीप प्रदान गर्न, रोजगारीमा सहयोग गर्नका लागि यस निर्देशिकाको प्रयोग गर्न सक्छन् । यस निर्देशिकाले तालिम प्रदान गर्ने तरिका, तालिम शिक्षाका उपयुक्त विधिहरू, औचित्य र प्राथमिकताहरू, सम्भावित रोजगार क्षेत्रहरू, आवश्यक सामग्रीहरू तथा अभ्यासक्रमहरूको विवरण प्रदान गर्दछ । यस निर्देशिकाको प्रयोगले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सहजरुपमा सीप सिकाउन, काममा सहजीकरण गर्न सहयोग गर्नेछ। रोजगारदाता, परिवार, स्वयम् व्यक्ति र स्थानीय सरकारका प्रतिनिधिहरुले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्न गराउन यस निर्देशिकाको सहयोग लिन सक्नेछन् ।

## २. अपाङ्गता नीतिगत व्यवस्था बारे संक्षिप्त जानकारी

अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु समेटिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरु धेरै छन् । त्यसमध्ये अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीसँग सम्बन्धित केही नीतिगत व्यवस्थाको यहाँ चर्चा गर्न खोजिएको छ ।

### २.१ नेपालको संविधान, २०७२

#### धारा १८. समानताको हकः

उपधारा (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडितवर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । संविधानको मौलिक हकले अपाङ्गता भएका व्यक्तिहरु पछाडि पारिएका छन भन्ने कुरा स्वीकार गरी उनीहरुको हक अधिकार सूनिश्चिततताका लागि बिषेश व्यवस्था गर्न सकिने परिकल्पना गरेको छ ।

#### धारा ३३. रोजगारीको हकः

उपधारा (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।संविधानको भावना अनुसार बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो सीप क्षमता अनुसार रोजगारी पाउने अधिकार सुनिश्चित गरेको छ ।

#### धारा ४२. सामाजिक न्यायको हकः

उपधारा (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सिमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिँचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

## २.२ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मार्फत अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी पेशा व्यवसाय गर्न तथा स्वरोजगारीको अवस्था सृजना गर्नका लागि व्यवसायिक तालिम उपलब्ध गराउनेछ । निजहरुले तयार गरेको प्रस्तावनाका आधारमा सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्ति बिरुद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न नपाईने र कामदार वा कर्मचारीका लागि सहज ढंगले काम गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ भनी ऐनमा स्पष्ट व्यवस्था गरेको छ । बैङ्क तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिँदा वा अन्य वित्तीय कारोबार गर्न, कुनै रोजगारीका लागि छनौट गर्दा वा शुल्क लिई वा नलिई सार्वजनिक रुपमा उपलब्ध गराइएका कुनै पनि सेवा, सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन भनी ऐनमा नै व्यवस्था गरेको छ ।

आफ्नोराज्यले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षा गर्ने र शिक्षा, स्वास्थ्य सेवा, रोजगारीका अवसरहरू र सामाजिक सेवाहरूमा पहुँच हुने कानून र नीतिहरू निर्माण गर्नुपर्छ । राज्यले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी र गुणस्तरीय शिक्षाको वातावरण सुनिश्चित गर्न आवश्यक छ । राज्यले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सक्रिय रूपमा सहभागी हुन मद्दत गर्न समुदायमा आधारित सहयोग सेवाहरू दिनुपर्छ । रोजगारी र व्यावसायिक तालिममा पहुँचको अवसर सिर्जना गर्नुपर्छ । गलत धारणाहरू कम गर्न जनचेतना अभियानहरूमा सक्रिय रूपमा संलग्न हुनुपर्छ ।

यसका साथै राज्यले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह गर्ने परिवारहरूलाई परामर्श सेवाहरु, आर्थिक सहायता र स्रोतहरू उपलब्ध गराउनुपर्छ । आफ्ना कार्यक्रम तथा सेवाहरूको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गर्न संयन्त्रहरू स्थापना गर्नुपर्छ ।

संक्षेपमा, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यको जिम्मेवारीमा सहयोगी कानूनहरू बनाउने र कार्यान्वयन गर्ने, शिक्षा, स्वास्थ्य सेवा र रोजगारीका अवसरहरूमा पहुँच प्रदान गर्ने, समावेशी वातावरण सिर्जना गर्ने, जनचेतना र समानुभूतिलाई बढावा दिई आफ्नो दायित्व र दायरालाई फराकिलो बनाउनु जरुरी छ । यी जिम्मेवारीहरू पूरा गरेर राज्यले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र हितको प्रवर्द्धन गर्न र थप समावेशी समाज निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

## २.३ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७

अपाङ्गता भएका व्यक्तिलाई व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभव, अपाङ्गता र कामको प्रकृतिको आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म कुनै खास संख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी नियुक्त गर्दा अपाङ्गता भएका व्यक्तिको नाम, थर, ठेगाना र पद, सेवाको प्रकार (स्थायीरअस्थायीरकराररज्यालादारी) आदि वर्गीकरणको आधारमा प्रदान गरिएको परिचयपत्रको किसिम, (पूर्ण अशक्त अपाङ्गतारअति अशक्त अपाङ्गतार मध्यम अपाङ्गतार सामान्य अपाङ्गता) खुलेको हुनुपर्नेछ । यस्का साथै प्रतिष्ठानमा भर्ना भएको मिति, दिइएको जिम्मेवारी, उपलब्ध गराइएको सेवा सुविधा लगायत अन्य आवश्यक देखेको विवरण समेत स्पष्ट रुपमा राखेको हुनुपर्ने नियमावलीमा व्यवस्था गरेको छ ।

नेपाल सरकारले पेशा वा व्यवसाय गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, क्षमता तथा पेशा व्यवसायका लागि निज वा निजको परिवारको सदस्य वा संरक्षकले तयार गरेको प्रस्तावको आधारमा बैक तथा वित्तीय संस्थाबाट नेपाल सरकारको जमानतमा ऋण उपलब्ध गराउने समेत व्यवस्था गरेको छ ।

## २.४ अपाङ्गता भएका व्यक्तिहरुको स्वररोजगार प्रवर्द्धनका लागि विद्यमान कानुनी प्रावधानहरु

बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई पनि बाँच्न पाउने अधिकार, न्यायसम्बन्धी अधिकार, स्वतन्त्र र सुरक्षित जीवनका अधिकार लगायतका शिक्षा र स्वास्थ्य सम्बन्धी सबै सेवाहरुको पहुँचको अधिकार हुन्छ । त्यसकारण शारीरिक वा मानसिक अवस्थाको आधारमा कुनै पनि व्यक्तिलाई सेवा, सुविधा, सहभागिता र समाजमा सक्रिय हुने अवसर एवं काम गर्न पाउने अवसरबाट वञ्चित गर्न पाइदैन् । (बौद्धिक अपाङ्गता अभिभावक महासंघ, नेपाल र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रकाशन पुस्तक, २०७६, सीआरपीडी, सन् २००६ दस्तावेज र अन्य सन्दर्भ सामग्री)

## २.५. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

यस ऐनले अपाङ्गता भएका व्यक्तिहरुद्वारा संचलित लघु उद्यम, घरेलु तथा साना उद्योग वा दश जना भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई सहुलियत प्रदान गरिने व्यवस्था गरेको छ । महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक सीमान्तकृत, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुद्वारा ग्रामीण तथा दुर्गम क्षेत्रमा स्थापना गर्ने लघु उद्यम, घरेलु र साना उद्योग तथा सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योगलाई लगानीको बीस प्रतिशत बीउ पुँजी (सिड क्यापिटल) को रुपमा अनुदान दिन सक्ने ऐनमा व्यवस्था गरिएको छ । यसका साथै ऐनले उद्योग व्यवसायलाई प्रचलित कानून बमोजिम लाग्ने प्रदेश स्तरीय कर आंशिक वा पूरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान सहुलियतपूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।

ऐनमा अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन र तथा उपकरण मर्मत उद्योगलाई आयकर सम्बन्धी छुट, सुविधा र सहुलियतका साथै नेपाली नागरिकहरु मध्ये कम्तीमा पचास प्रतिशत (५०%) महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा थप पन्ध्र प्रतिशत छुट सुविधाको समेत व्यवस्था गरेको छ ।

## २.६ सहकारी ऐन २०७४

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जातजाति समेतका सिमान्तकृत समूहको सहकारी खेतिपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पूरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान सहुलियतपूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।

# तेस्रो खण्डः सहयोगी निकायको भूमिका

यस खण्डमा बौद्धिक अपाङ्गताप्रति जनमानसको बुझाई र दृष्टिकोणसँग सम्बन्धित विषयहरूलाई समेटिएको छ । यसले पाठकहरूलाई बौद्धिक अपांङ्गताको गम्भीरता, स्तरहरू र कार्यको दायरा कसरी मूल्याङ्कन गर्ने भन्ने बारेमा जानकारी दिईएको छ । यसका साथै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई कामको शिलसिलामा सहयोग कसरी गर्ने र कसरी सीप वा शिक्षा दिने भन्ने कुरा बुझ्न सहज हुनेछ। बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको पक्षमा वकालत गर्न विभिन्न संघ/संस्था र व्यक्तिहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने कुरा बुझ्नको लागि समेत यो निर्देशिका सहयोगी हुनेछ ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सीप विकासका लागि सहयोग, मार्गदर्शन र हेरचाह जस्ता कुराले महत्वपूर्ण भूमिका खेल्छन् । उदाहरणको लागि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले सामना गरिरहेका चुनौतीहरूलाई सहजै पहिँचान गरी त्यस्ता चुनौतीहरुको न्यूनीकरण गर्न सक्छन् ।

उनीहरुसँग बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको विविध आवश्यकता र क्षमताहरूको बारेमा पहिले नै बुझेका हुन्छन् । तसर्थ भावनात्मक सम्बन्ध बढाउदै विश्वासिलो सम्बन्धहरू बनाउन सक्छन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशीकरण र समानता प्रवर्द्धन गर्न सहयोगीहरूले महत्वपूर्ण भूमिका खेल्छन् । तिनीहरूको निरन्तर सहयोगबाट बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सीप सम्बन्धी क्षमता विकास गर्न सक्छन् । निरन्तर सहयोगले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका शिक्षा, सीप विकास र व्यक्तिगत बृद्धि सहित जीवनका विभिन्न पक्षहरूमा विकास र बिस्तार भई अर्थपूर्ण जीवन जिउन सहज बनाउँछ ।

सहयोगी निकाय र सहयोगीहरू बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री जस्तै भरोसा हुन् । तिनीहरूको प्रयासहरू मार्फत अपाङ्गता भएका व्यक्तिहरूको जीवन गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुर्याउँदछ ।

## ३.१ बौद्धिक अपाङ्गता भएका व्यक्तिको भूमिका

यस निर्देशिकाको सहयोगले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नै विकासमा महत्वपूर्ण भूमिका खेल्छन् । उचित सहयोग, प्रोत्साहन र अवसरहरू पाएको खण्डमा उनीहरूले आफ्नो निर्णय लिने, सीप विकास गर्ने र सामाजिक अन्तरक्रियाहरूमा भाग लिन सक्छन् । यसका लागि सरोकारवालाको सहयोगमा निम्न कार्यहरु गर्न सक्नेछन् ।

- रोजगारीको आवश्यकता र आफ्नो रुचीको बारेमा परिवारसँग सल्लाह गर्ने सक्छन् ।
- आफुले पछिसम्म गर्न सक्ने कामहरु मात्र छनौट गर्ने ।
- रोजगारी गरेपछि हुने फाइदाहरुको बारेमा जानकारी लिने ।
- रोजगारीमा संलग्न भइरहदा आउने चुनौतीहरुको बारेमा जानकारी लिने ।
- चुनौतीहरु न्यूनीकरणका उपायहरुको बारेमा छलफल गरेर समाधानका उपायहरु निकाल्ने ।
- निरन्तर रुपमा तालिम लिने ठाउँमा सहभागी हुने ।

✦ नबुझेसम्म पटकर पटक सोधेर बुझ्ने प्रयास गर्ने र सिकेको कामहरुलाई व्यवहारमा उतार्ने ।

✦ शुरुमा सहकर्मीको सहयोग लिएर काम गर्ने र पछि आफ्नो काममा निरन्तर अगाडि बढिराख्ने ।

✦ बिस्तारै सहकर्मीको सहयोग कम गर्दै काम एक्लै आफै गर्न कोशिश गर्ने ।

## ३.२ अभिभावकको भूमिका

बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकको भूमिका बहुआयामिक हुन आवश्यक हुन्छ । उनीहरु आफ्ना बौद्धिक अपाङ्गता भएका परिवारका सदस्यहरुको हेरचाहकर्ताको रूपमा कार्य गर्नुपर्ने हुन्छ । अभिभावक भएका कारण उनीहरुले जीवनभर पालनपोषण तथा उनीहरुलाई स्वतन्त्ररुपमा अगाडि बढ्नका लागि मूख्य भूमिका खेल्नुपर्ने हुन्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू प्रायः आफ्ना बौद्धिक अपाङ्गता भएका परिवारका सदस्यहरुको अधिकार सुनिश्चित गर्न, उनीहरुले पाउने सेवा प्राप्त गर्न र अवसरहरूमा पहुँच पुर्याउनको लागि अथक मेहनत गर्न तत्पर हुन्छन् । उनीहरु आफ्नो परिवारको सदस्यहरुको लागि विचलित नभई सुरक्षाका लागि तत्पर रहन्छन् । परिवारका लागि मायालु वातावरण सिर्जना गर्नसक्छन् । उनीहरुको शिक्षा, स्वास्थ्य र दैनिक जीवनलाई सहज बनाउनका लागि अग्रसर रहन्छन् ।

अभिभावकहरुले उनीहरुको क्षमता बुझेर सशक्त बनाउन मद्दत गर्न सक्छन् । अभिभावकहरुको सकारात्मक भूमिकाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणलाई बढावा दिन महत्वपूर्ण योगदान पुर्याउँछ । अभिभावकहरुले बुझ्नु पर्ने कुरा यस प्रकार रहेको छ ।

✦ बौद्धिक अपाङ्गता भएका स्वयम व्यक्तिको चाहना बुझ्नुपर्छ ।

✦ तालिममा जान आउनको लागि सहयोग गर्नुपर्छ ।

✦ तालिम, गोष्ठी, समुदायका हुने गतिविधिहरमा नियमित सहभागी हुनको लागि उत्प्रेरणा गर्नुपर्छ । आवश्यकता अनुसार त्यहाँसम्म पुग्नको लागि सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।

✦ सफा र सुग्घर हुनको लागि सहयोग गर्नुपर्छ ।

✦ घरमा बुझे नबुझेको सोधखोज गर्ने र घरभित्रै अभ्यास गर्ने गराउने ।

✦ रोजगारी वा स्वरोजगारको लागि सहयोग गर्ने ।

✦ कस्तो काम गरिरहेको छ भनि अनुगमन गर्ने, सुझाव दिने ।

✦ राम्रो काम गर्नको लागि उत्प्रेरित गर्ने ।

✦ रोजगार दिने व्यक्तिसँग सहकार्य गर्ने, कामको समीक्षा गर्ने र उनीहरुको व्यवहारको बारेमा जानकारी गराउने ।

✦ आम्दानीको व्यवस्थापनमा सहयोग गर्ने ।

## ३.३ सहकर्मी (को-वर्कर) को भूमिका

कार्यस्थलहरूमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न सहकर्मीहरूले महत्वपूर्ण भूमिका खेल्छन् । सहकर्मीहरूको कार्यहरू, व्यवहार, मनोवृत्ति र समावेशी वातावरणले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यस्थलमा गहिरो प्रभाव पार्न सक्छ । तसर्थ सहयोग र खुला सञ्चारको माध्यमबाट बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुमा रहेको आवश्यकतालाई पूरा गर्न र बलियो, सहयोगी सम्बन्धहरू निर्माण गर्न सक्दछ । अतः सहकर्मीहरुले कार्यस्थलमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई निम्नानुसार सहयोग गर्न सक्छन् ।

- ✦ तालिम, गोष्ठी लगायतका सामाजिक गतिविधिहरुमा सहभागिताका लागि जान आउन सहयोग गर्नुपर्छ ।
- ✦ सफा र सुग्घर हुनको लागि सहयोग गर्नुपर्छ ।
- ✦ बुझे नबुझेको सुनिश्चित गर्ने, मिलेर काम गर्ने र असल व्यवहार गर्ने ।
- ✦ सिकाउने प्रशिक्षकलाई सिकाउन सहज बनाउन सहयोग गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कामलाई सम्मान गर्ने र राम्रो काम गर्नको लागि उत्प्रेरणा गर्ने ।
- ✦ प्रशिक्षक, अभिभावक र व्यक्तिहरु बीचमा पुलको काम गर्ने ।
- ✦ काममा केही गल्ती भएमा गाली, अपहेलना, जिस्काउने र मनोबल घट्ने काम नगर्ने र राम्रो काम गर्दा तत्काल प्रशंसा गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू पनि हामीसँगै काम गर्न सक्छन् भन्ने कुरा सधैं मनमा राख्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई काम गरिदिने होइन काम गर्न सक्ने बनाउन भूमिका निर्बाह गर्ने ।

## ३.४ तालिम दिने संस्थाको भूमिका

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण जीवन जिउन, केही जानेको छैन भन्दा पनि के जानेका छ भन्ने पहिचान गरी रुची अनुसारका सीपमा पूर्ण क्षमतामा पुग्न र सशक्त बनाउन तालिम प्रदायक संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । यी संस्थाहरूले प्रत्येक व्यक्तिको आवश्यकता र क्षमताहरू अनुरूप विशेष प्रकारका कार्यक्रमहरू संचालन गर्न सक्दछन् । तालिम प्रदायक संस्थाहरुले प्रशिक्षण, साधना वा थेरापी, स्वतन्त्रता प्रवर्द्धन गर्ने, आवश्यक जीवन र व्यवसायिक सीपहरू विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । साथै प्रशिक्षण दिने संस्थाहरूले सुरक्षित र समावेशी वातावरण सृजना गरी उनीहरुका मनोबल बढाउन र आवश्यक उपकरण, ज्ञान र सीप प्रदान गरी समाजमा समावेशी, आत्म-विश्वास र अर्थपूर्ण सहभागिताको लागि मार्ग प्रशस्त गर्न महत्वपुर्ण भूमिका निर्वाह गर्न सक्दछन् । तालिम प्रदायक संस्थाहरुको निम्न अनुसारको भूमिका हुन्छन् ।

- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी सरल र बुझ्ने गरी सीप सिकाउन सकिन्छ भन्ने कुरामा सचेत हुने र सोही अनुसारको शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सहजरुपमा सिकाउनको लागि सरल भाषा र सचित्र विधिहरुको प्रयोग गर्ने ।
- ✦ सहभागीलाई सिकाउँदा धैर्य गरेर झर्को नमानी सिकाउने ।
- ✦ कुनै समस्या आएमा परिवारका व्यक्तिहरुसँग छलफल गरी समस्या समाधान गर्ने ।
- ✦ सहभागीहरुलाई उत्प्रेरणा जगाउने ।
- ✦ आवश्यकता र सहभागीको चाहना अनुसार तालिम सञ्चालन गर्ने ।
- ✦ पहिले आफुले गर्ने, त्यसपछि सगसँगै गर्ने र अन्त्यमा गर भनेर निर्देशन दिने ।

## ३.५ समुदायको भूमिका

समावेशीता र समानतातर्फ अगाडि बढाउनको लागि, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने कुरामा समुदायको भूमिका निकै महत्वपुर्ण हुन्छ । विविधतालाई अँगालेको समुदायले समझदारी, स्वीकृति र सशक्तिकरणको वातावरणलाई बढाएर बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण जीवन जिउन र समाजमा सक्रिय रूपमा सहभागी हुन सक्षम बनाउन सक्छ । समावेशी शिक्षा, पहुँचयुक्त र समावेशी सुविधाहरू र सामाजिक संलग्नता मार्फत समुदायले सबैलाई समानरुपमा विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ । समुदायले खेल्न सक्ने भूमिकाहरु निम्न अनुसार रहेको छ ।

- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह सम्मान गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई उत्प्रेरणा जगाउने खालको कार्य गर्न सहयोग गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले गरेको काम तथा व्यवसायलाई सहज रुपमा स्वीकार्ने र सहयोग गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्ति सरह काम गर्न सक्छन् भन्ने कुरा मनमा सधैं राख्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु समाजका अन्य व्यक्तिसरह रोजगार, स्वरोजगार मार्फत आय आर्जन गरी राज्यलाई योगदान गर्न सक्छन भन्ने कुरामा बिश्वस्थ रहने ।

## ३.६ रोजगार दिने निकायको भूमिका

समान अवसरहरू दिएर, उचित आवास, अनुकूल तालिम प्रदान गरेर, समावेशी कार्यस्थल एवं संस्कृति प्रवर्द्धन गरेर रोजगारदाताहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको सीपलाई प्रस्फुटन गराउन, प्रतिभाहरुलाई अरु समक्ष देखाउन, अवरोधहरु तोड्न, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारी मार्फत आर्थिक अवस्था सुधार गर्नका लागि सशक्त भुमिका निर्वाह गर्न सक्दछन् । अपाङ्गता भएका व्यक्तिहरुले पनि समाजमा योगदान गर्न सक्छन् भन्ने कुरा देखाउनका लागि रोजगार प्रदायकहरुले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्छन् ।

रोजगारदाताहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो संस्थामा गर्न सक्ने योगदानहरू पहिँचान गरी तल उल्लेखित भूमिका निर्वाह गर्नुपर्छ ।

- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई अवसर दिने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कामलाई सम्मान गर्ने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू हुन भन्ने कुरा सेवाग्राही तथा ग्राहकलाई जानकारी दिने तथा आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।
- काममा केही गल्ती भएमा गाली तथा अपहेलना नगर्ने ।
- समयमा तलब दिने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू पनि रोजगार गर्न सक्छन भन्ने कुराको प्रचार प्रसार गर्ने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले गरेको सकारात्मक कार्यहरुको सामाजिक मिडिया मार्फत प्रचार प्रसार गर्ने ।
- पहुँचयुक्त कार्यस्थल र समावेशी वातावरण निर्माण गर्ने ।
- कार्य बिश्लेषण गरी कामहरुलाई टुक्रा बनाएर दिने

उनीहरुको सहजताका लागि एकै प्रकृतिको कामको जिम्मेवारी दिने ।

### ३.७ सेवा लिने (ग्राहक) व्यक्तिको भूमिका

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले गरेको काम अपाङ्गता नभएका व्यक्तिहरूको भन्दा केही फरक हुन सक्छन् । यस्तो अवस्थामा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कामलाई बुझ्नुपर्ने हुन्छ । तसर्थ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि ग्राहक वा सेवा लिने व्यक्तिहरुले उनीहरुको कामलाई प्रशंसा गरी कार्यस्थलमा उत्प्रेरित गर्नुपर्दछ । सेवा लिने (ग्राहक) व्यक्तिहरुको भूमिका निम्न अनुसार हुनेछ ।

- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कामलाई सम्मान गर्ने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले गरेको कामलाई स्वीकार्ने ।
- काममा केही गल्ती भएमा गाली तथा अपहेलना नगर्ने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई काम गर्न उत्प्रेरणा गर्ने ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूबाट अन्जानमा भएको गल्तीहरुलाई व्यवस्थापकलाई उजुरी नगर्ने र व्यवस्थापकलाई सुधारका पक्ष सहित राम्रो कामका लागि सकारात्मक सुझाव सहित दिने ।

## ३.८ स्थानीय सरकारको भूमिका

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षा, रोजगार स्वरोजगार र अन्य मानव अधिकार सुनिश्चित गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुन्छ । उनीहरूले भोग्नु परेका समस्याहरु, उनीहरुको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय सरकारको योजना निर्माण गर्दा ती कुराहरुलाई सम्बोधन गर्नुपर्छ । त्यसैगरी शिक्षा र स्वास्थ्य सेवाहरूमा पहुँच पुर्याउनेदेखि देखि समावेशी वातावरण सिर्जना गरी रोजगारीका अवसरहरू र सामुदायिक समावेशीकरणलाई प्रवर्द्धन गर्न स्थानीय सरकारको अहम भूमिका हुन्छ । यसका साथै विभिन्न सरोकारवालाहरू र सहयोगी निकायहरूसँगको सहकार्यमा स्थानीय सरकारले अवरोधहरू हटाउन, चेतना जगाउन र आफ्नो क्षेत्र भित्रका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र आत्मसम्मान बढाउन वकालत समेत गर्न सक्दछ। बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको समग्र विकासका लागि स्थानीय सरकारले निम्न अनुसारको कार्य गर्नुपर्छ ।

- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कामलाई सम्मान गर्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको रोजगार तथा स्वरोगारका लागि स्थानीय रोजगारदाता तथा सेवाग्राहीहरुसँग सहकार्यका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- ✦ रोजगार, स्वरोजगार सीप तथा व्यवसाय प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने ।
- ✦ रोजगार तथा स्वरोजगारका लागि नीतिगत व्यवस्था गर्ने र कार्यान्वयन गर्ने र परियोजना निर्माण गर्दा प्राथमिकतामा राख्ने ।
- ✦ बौद्धिक अपाङ्गता भएका व्यक्ति र परिवारको आर्थिक सशक्तिकरणको लागि सहजीकरण गर्ने र सहभागिता सुनिश्चित गर्ने ।
- ✦ कार्यस्थलमा हुने तालिम ( **On the Job Training** ) को व्यवस्था मिलाउने ।
- ✦ उमेर पुरा भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगार स्वरोजगारीमा जोडन जनचेतना, अभिभावक शिक्षा र रोजगार दिने निकायहरुलाई प्रोत्साहन गर्ने ।

## ४.१ परिचय

यस विषयगत तालिमका प्रक्रियाहरु नेपाल सरकारको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्धारा तयार गरिएको पाठ्यक्रमलाई आधार मानी यो तालिम निर्देशिका तयार गरिएको छ। यो तालिम निर्देशिका बौद्धिक अपाङ्गता मैत्री बनाउनका लागि केही तालिमका बिषयवस्तु, विधि, तालिम सामग्री र प्रक्रियाहरुलाई परिमार्जन गरिएको छ। बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको सीप तथा क्षमता विकास गर्दै रोजगारी र स्वरोजगारीका क्षेत्रमा उनीहरुको संलग्नता बृद्धि गर्न यो पाठ्यक्रम तयार गरिएको छ। हाललाई यो पाठ्यक्रम परीक्षणका लागि बौद्धिक अपाङ्गता अभिभावक महासंघ नेपालको आन्तरिक प्रयोजनका लागि प्रयोग गरिनेछ। यद्यपी समय र सहभागी हेरी प्रशिक्षकले तालिम सञ्चालन विधिहरु परिवर्तन गर्न भने सक्नेछन्। तालिम अवधि तथा कार्यक्षेत्रमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई निम्न कुराहरुमा बिशेष ध्यान दिनुहोस।

### ४.१.१ कार्य विश्लेषण (Task Analy sis)

लक्ष्य प्राप्तिका लागि बौद्धिक अपाङ्गता भएका व्यक्तिले गर्नु पर्ने विभिन्न काम वा क्रियाकलाप चयन गर्ने काम कार्य विश्लेषण हो। अर्को शब्दमा भन्दा एउटा ठुलो काम गर्ने सिप विकासका लागि गरिने साना साना काम वा एउटा ठुलो उद्देश्य प्राप्तिका लागि पुरा गर्नुपर्ने साना साना उद्देश्यहरूको चयनको काम कार्य विश्लेषण हो। कार्य विश्लेषण गर्दा लामो अवधिका लक्ष्यलाई स-साना सजिला target series मा बाँडिन्छ र सरलबाट जटिलको क्रममा मिलाएर राखिन्छ। कार्य विश्लेषण भनेको सिकाइ सिँडी निर्माण हो। छोटा सिकाइ उद्देश्य सिँडीका खुट्किला हुन्। पुरा सिँडी भनेको लक्ष्य हो। कार्य विश्लेषण भनेको गर्नुपर्ने कामहरुलाई थप व्यवस्थित गर्न सकिने चरणहरूमा विभाजन गर्ने व्यवस्थित दृष्टिकोण हो। यो बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि मूल्यवान रणनीति हो किनभने यसले उनीहरूलाई अझ स्वतन्त्र रूपमा कार्यहरूको बारेमा बुझ्न मद्दत गर्दछ। यहाँ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्य विश्लेषण सञ्चालन गर्ने सामान्य रूपरेखा तल प्रस्तुत गरिएको छ।

## ४.२ रुचि पहिचान गर्ने

हरेक मानिसहरुले आफ्नो रुचि अनुसार मात्र काम गर्दछन भन्ने कुरामा बिश्वस्त भइ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको पनि रुची हुन्छ भन्ने बिश्वास गर्नु पर्दछ। उनीहरुसँग सञ्चार गर्ने तरीका नबुझेर हामीले रुची थाहा नपाएको हुन सक्छ। तपाईंले चाहनुभएको कार्यलाई स्पष्ट रूपमा बुझाएर वा परिभाषित गरेर मात्र शुरु गर्नुहोस्। यसमा हामीले सोचेका कार्यभन्दा पनि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको चाहना, क्षमता र परिवेशलाई आधार मानेर रुची पहिचान गर्नुहोस।

## ४.३ कार्यलाई चरण चरणहरूमा विभाजन गर्ने

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई लागि काम लगाउँदा वा सिकाउँदा एकै पटक गर्न सकिदैन। तसर्थ कार्यलाई साना र क्रमिक चरणहरूमा विभाजन गर्नुहोस्। प्रत्येक चरण अलग र सजिलै बुझ्न सक्नुपर्छ। यसको स्तर निर्धारण गर्दा व्यक्तिको क्षमता, प्राथमिकता र सिकाउने शैलीलाई खोजी गर्नुहोस।

## ४.४ अवलोकन र जानकारी सङ्कलन गर्ने

काम नै नगरी ठिक वेठिक, सकिन्छ सकिदैन भन्दा पनि सगसँगै अभ्यास वा काम गरेर मात्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई सल्लाह वा सहयोग गर्नु पर्दछ । बौद्धिक अपाङ्गता भएका व्यक्तिले गरिरहेको कामलाई अवलोकन गर्नुहोस् । यसका बारेमा विषय विज्ञहरूबाट जानकारी लिनुहोस । कुनै पनि काम गर्दा प्रत्येक चरण र उप-चरणहरु कसरी गरिएको छ नोट गर्नुहोस् ।एक जना बौद्धिक अपाङ्गता भएका व्यक्ति र अर्को जना बौद्धिक अपाङ्गता भएका व्यक्तिको सिकाइ शैली र बुझाइ स्तर फरक हुन सक्छ ।बुझाइ तह र प्रगति मापन गर्नको लागि प्रत्येक व्यक्तिको व्यक्तिगत फाइल वा नोट तयार गर्नुहोस् ।

## ४.५ कार्यसिमितता (जटिलता) को स्तरको मूल्याङ्कन गर्ने

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको कार्यसिमितता (जटिलता) अवस्थाको मूल्याङ्कन गर्नुपर्छ । कार्यसिमितताको आधारमा हामीले कार्य योजना निर्माण गर्नुपर्छ। बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि तालिम सञ्चालन गर्दा कार्य क्षेत्रको अवस्था, प्रशिक्षण विधि वा चरणहरु थपघट गर्नुपर्ने हुन्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि थप अभ्यासहरुको आवश्यकता पर्न सक्छ । तालिमको व्यवस्थापन गर्दै क्रमशः दक्षता बढाउन आवश्यक चरणहरूलाई लक्ष्यको रुपमा योजना बनाउने गर्नुहोस् ।

## ४.६ आवश्यकताहरू पहिचान गर्ने

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि तालिम वा कार्यक्षेत्रमा प्रत्येक चरणको लागि आवश्यक कुनै पनि ज्ञान वा सीप पहिचान गरी बृहत सिकाइ योजना बनाउनुहोस् ।सिकाइ योजना उनीहरुको आवश्यकता अनुसार फरक फरक बनाउनु पर्ने हुन सक्छ । सरल भाषा तथा सचित्र सिकाइ विधिबाट सिकाइ प्रकृया अगाडि बढाउनु पर्दछ । सोको लागि आवश्यक सामग्रीहरु तयार गर्नु पर्दछ । यसको लागि सबै भन्दा सजिलो भनेका चित्र सरल शव्द चयन हो ।

## ४.७ चरणहरू कल्पना गर्ने

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि दृश्य सामग्रीहरु मार्फत सिक्दा सजिलो हुन्छ। प्रत्येक चरणलाई दृश्यात्मक रूपमा बुझाउनका लागि भिजुअल विज्ञापनहरु जस्तैः चेकलिस्टहरू, चित्र, लोचार्टहरू वा रेखाचित्रहरू स्पष्ट, व्यवस्थित र बुझ्न सजिलो हुनेगरी तयार गर्नुहोस् ।

## ४.८ सहयोगी रणनीतिहरू निर्धारण गर्ने

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयुक्त सहयोगी रणनीतिहरू जस्तैः छिटो प्रतिक्रिया दिने, शारीरिक निर्देशन, मोडलिङ वा सहायक प्रविधिको प्रयोग बिस्तारै व्यक्तिको आवश्यकता अनुसार गर्नुहोस् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको सिकाइ प्रभावकारी बनाउनका लागि सामान्यतया जुनसुकै कृयाकलापहरुलाई तिनदेखी चार गुणा बढी अथवा दोहोरयाउन पर्दछ ।

## ४.९ पुनर्वल (सुदृढीकरण) ( reinforcement ) सकारात्मक प्रतिक्रिया प्रदान गर्ने

**पुनर्वल (सुदृढीकरण)** बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यापक रूपमा प्रयोग हुने र प्रभावकारी रणनीति हो । यहाँ **पुनर्वल (सुदृढीकरण)** केही मुख्य पक्षहरू र फाइदाहरू बारे उल्लेख

गरिएको छ । जुन बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सिकाइ र सीप विकासलाई तालिम र कार्यक्षेत्रमा बढाउन आवश्यक हुन्छ । व्यक्तिलाई उत्प्रेरित र प्रोत्साहित गर्न लगातार **पुनर्वल (सुदृढीकरण)** र प्रोत्साहन प्रदान गरिरहनु पर्दछ । तिनीहरूको प्रयासहरू, उपलब्धिहरू र निरन्तर वृद्धिलाई सहयोग, समर्थन गर्न रचनात्मक प्रतिक्रिया दिई रहनुपर्छ । **पुनर्वल (सुदृढीकरण)**ले वान्छनीय व्यवहारलाई बढाउन र व्यक्तिहरूलाई सकारात्मक व्यवहारमा संलग्न हुन प्रोत्साहित समेत गर्दछ ।

स्याबासी, पुरस्कार, इनाम, प्रोत्साहन वा प्रशंसा जस्ता **पुनर्वल (सुदृढीकरण)** ले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई इच्छित व्यवहार गराउँदछ । यी पुरस्कार, प्रोत्साहन जस्तै सानो व्यवहार वा टोकनहरू, मौखिक प्रशंसा आदिले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि शक्तिशाली प्रेरक हुनसक्छन् र उनीहरुलाई प्रयास गर्न, गतिविधिहरुमा संलग्नता बढाई सक्रिय हुन समेत प्रोत्साहन गर्दछन् ।

## ४.१० पहुँचयुक्तता, रंग र संख्या ( Accessibility/Colour/Numbers )

पहुँचयुक्तता, रङ र संख्याको सहजीकरणले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सिकाइ सजिलो बनाउँछ । त्यसका लागि सिकाई रणनीतिहरू तयार गरेर प्रयोग गर्न सकिन्छ । याद गर्नुहोस्, प्रत्येक व्यक्तिहरुको विशेष आवश्यकता र क्षमताहरूको मूल्याङ्कन गर्न र त्यसअनुसार विधि र रणनीतिहरू अपनाउनु पर्छ ।  समावेशी र सहयोगी सिकाइ वातावरण तयार गर्न प्रशिक्षकहरू, विशेषज्ञहरू र हेरचाहकर्ताहरूसँगको सहकार्यलाई बिशेष ध्यान दिनु पर्दछ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको विशेष प्रकारको सिकाइ शैली र आवश्यकताहरू छन् भनी पहिचान गर्दै व्यक्तिगत रूपमा सहयोग गरिरहनु आवश्यक हुन्छ ।

## ४.११ दृश्यात्मक तालिका र सामग्रीहरु

दृश्यात्मक तालिकाहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई बुझ्नका लागि सहज हुन्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको दैनिक गतिविधिहरू व्यवस्थित गर्न र समय व्यवस्थापनको लागि लागि दृश्यात्मक सामग्रीहरु चार्ट, रेखाचित्र र चित्रात्मक प्रतिनिधित्वहरू थप पहुँचयुक्त  र बुझ्न सकिने तरिकामा जानकारी गराउन प्रयोग गर्न सकिन्छ । भिजुअल संकेतहरू र चित्रहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रङ र संख्याहरूसँग सम्बन्धित अवधारणाहरू अझ सजिलै बुझ्न मद्दत गर्न सक्छ ।

**रङ कोडिङः** बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न वस्तुहरू वा अवधारणाहरूसँग विशिष्ट रंगहरू जोड्न रङ कोडिङ प्रभावकारी उपकरण हुन सक्छ । उदाहरणका लागि, विभिन्न प्रकारिका जानकारी वा गतिविधिहरूको लागि एकरूप रंगहरू प्रयोग गर्नाले तिनीहरूलाई व्यवस्थित गर्न र छुट्याउन मद्दत गर्न सक्छ ।

**सरल भाषाः** बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि सरल र संक्षिप्त भाषाको प्रयोग महत्वपूर्ण हुन्छ । भूमिका बाधेर वाक्य चयन लामो नबनाइ छोटो र सरल शव्दहरुको चयन गर्नु पर्दछ । रङ र संख्याहरूसँग सम्बन्धित अवधारणाहरू व्याख्या गर्दा, जटिल शब्दावली वा अमूर्त व्याख्याहरूलाई बेवास्ता गर्दै स्पष्ट र सीधा भाषा प्रयोग  पर्छ । रंगीन वस्तुहरू वा गणना सामग्रीहरू प्रयोग गरेर उनीहरूलाई अवधारणाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्न र अनुभव बढाउन समेत सहयोग गर्दछ ।

### ४.१२ ( Augmentative and Alternative Communication ) अगमेन्टेटिभ एण्ड अल्टरनेटिभ कम्युनिकेसन (AAC) उपकरणहरू

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि मौखिक भाषाभन्दा बाहिर सञ्चारका बैकल्पिक माध्यमका रुपमा AAC उपकरणहरू, भिजुअल एड्स, साङ्केतिक भाषा, तस्वीर सञ्चार प्रणालीहरू, स्पर्श सामग्रीहरू लाभदायक हुनसक्छ ।

### ४.१३ गमनशिलता श्रृंखला ( Mobility Chain )

गमनशिलता श्रृंखला भन्नाले घरबाट कुनै निश्चित ठाउँसम्म पुगेर फेरी आफ्नो घरसम्म आउने पुरै चरण वा श्रृंखलालाई बुझाउछ। जसले व्यक्तिहरूलाई उनीहरूको वरपर सुरक्षित र प्रभावकारी रूपमा घुलमिल गर्न मद्दत गर्दछ । प्रत्येक व्यक्तिको क्षमता, आवश्यकता र गमनशिलतासँग सम्बन्धित विशिष्ट चुनौतीहरूको आधारमा प्रशिक्षण प्रदान गर्नु महत्वपूर्ण हुन्छ । गमनशिलताले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई तालिम वा रोजगारीमा गएको वखत यात्रा गर्दा आफ्नो वरिपरिको वस्तुस्थितिहरु पहिचान गर्न, निर्देशनहरू बुझ्न, उनीहरूको लागि वातावरणमा भएका सम्भावित खतराहरू वा अवरोधहरू बारे सचेत हुन, इन्द्रियहरूले प्रभावकारी रूपमा आफ्नो वरपरको जानकारी सङ्कलन गर्न, वातावरणीय संकेतहरू अवलोकन गर्न र व्याख्या गर्न समेत सिकाउँछ ।

गमनशिलता श्रृंखलाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न तहहरू, सिंढीहरू, र्याम्पहरू, बस, रेल वा सब–वे सहित सार्वजनिक यातायात प्रणालीहरू प्रयोग गर्ने बारे जानकारी उपलब्ध गराउनेछ। व्यक्तिहरूले कसरी मार्गहरू योजना गर्ने, तालिकाहरू पढ्ने, टिकटहरू खरिद गर्ने, ट्राफिक नियमहरू, पैदल यात्रुहरूको सुरक्षा, सडकहरू क्रस गर्ने, ट्राफिक संकेतहरू पहिचान र सार्वजनिक यातायात प्रयोग गर्दा सुरक्षा दिशानिर्देशहरू कसरी पालन गर्ने भन्ने सीपहरु समेत सिकाउनेछ । तालिम पाठ्यक्रमले व्यक्तिहरूलाई व्यक्तिगत सुरक्षाको बारेमा र सम्भावित जोखिमपूर्ण अवस्थाहरूलाई कसरी मूल्याङ्कन गर्ने र प्रतिक्रिया दिने भनेर समेत सिकाउने छ ।

### ४.१४ कार्यस्थल वातावरण ( Workplace Environment )

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यस्थलको वातावरण समावेशी, सहयोगी र अनुकूल हुनुपर्छ। जसका कारणले गर्दा एक अर्कोबीच घुलमेल हुन र प्रभावकारी सिकाईका लागि सहज हुन जान्छ। कुनै पनि तालिमहरु सञ्चालन गर्दा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यस्थल भौतिक रूपमा पहुँचयुक्त र सहज हुनुपर्छ।

सरल भाषाको प्रयोग गर्नुपर्छ र भिजुअल विज्ञापन वा चित्रात्मक सामग्रीहरुको प्रयोग गर्नुपर्छ । सबै सहभागीहरुलाई प्रशिक्षण र सीप विकासका व्यवहारिक अवसरहरू प्रदान गरी उनीहरूले गरेको कामहरुलाई सफल हुन सहयोग गर्नुपर्छ। यसमा ख्याल गर्नुपर्ने मूल कुरा भनेको समावेशीकरण हो । यसका साथै आत्मासम्मान बढाउन पनि सहयोग गर्नुपर्छ।

कार्यस्थलमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो सीप विकास गर्न र कामको कार्य सम्पादनमा सुधार गर्न प्रर्यवेक्षकहरूको समेत सहयोग लिनु पर्छ । यसबाट सहभागीहरुलाई रचनात्मक कार्य गर्नका लागि सकारात्मक सुझाव दिइरहनु पर्छ र सहयोगी समूहको सञ्जाल

बनाउनु पर्छ । रोजगार प्रदायक  र सहकर्मीहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूप्रति सम्मान गर्नुपर्छ । उनीहरुले गरेको कामको प्रशंसा गर्नुपर्छ ।

## ४.१५ वैयक्तिक आवश्यकता ( Individual Need )

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत आवश्यकताहरू फरकफरक हुन सक्छन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई स्पष्ट र बुझ्ने सरल भाषामा सञ्चार आवश्यक हुन्छ । सरल भाषा, दृश्य तथा  संकेतहरूबाट बुझाउँदा बढी प्रभावकारी हुन्छ । सहायक प्रविधिहरु, जस्तैः चित्र वा डिजिटल संचार उपकरणहरूको प्रयोग गर्न पनि उपयोगी हुन सक्छ । सकारात्मक सुदृढीकरण, उपलब्धिहरू र प्रयासहरूको पहिचानले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको आत्मविश्वासलाई उत्प्रेरित र बढावा दिन सक्छ । प्रशंसा, पुरस्कार वा प्रोत्साहनहरू प्रदान गर्नाले पनि व्यक्तिहरूलाई काममा रही रहन र उनीहरूको प्रशिक्षण र कामप्रति सकारात्मक मनोवृत्ति विकास गर्न मद्दत गर्न सक्छ । साथै क्यारियर विकास र वृद्धिको लागि अवसरहरू प्रदान गर्नु, थप प्रशिक्षण, सीप वृद्धि, र उन्नतिको लागि अवसरहरू प्रदान गर्नाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको पूर्ण क्षमतामा पुग्न र उनीहरूको व्यवसायिक लक्ष्यहरू पछ्याउन सहयोग हुन्छ ।

## ४.१६ अवरोध ( Barriers )

समाजमा रहेका विभिन्न अवरोधहरूका कारण व्यक्तिहरूलाई समाजमा पूर्ण रूपमा सहभागी हुनबाट रोक्न सक्छ ।  बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई मुख्य रूपमा **वैचारिक (अवधारणागत), सामाजिक र व्यावहारिक सीपहरू** जीवनमा महत्वपूर्ण रूपमा प्रभाव पार्छ । तसर्थ समाजमा हुने त्यस्ता खालाका अवरोधहरु पहिचान गरी अवरोधहरु हटाउन सक्नुपर्छ ।

**वैचारिक सीपः** आधारभूत ज्ञान, धारणा तथा बुझाईसँग सम्बन्धित क्षमताहरू हुन् । जसले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो वरपरको संसारलाई बुझ्न र व्याख्या गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँग वैचारिक सीपहरुमा सिमितता हुन सक्छन् । उनीहरूलाई भाषा बुझ्न, प्रभावकारी रूपमा व्यक्त गर्न, पढ्न, लेख्न, वा पैसा व्यवस्थापन र आत्म-निर्देशन बुझ्न गाह्रो हुनसक्छ । जसका कारणले गर्दा शैक्षिक प्रगति, अरूसँग सञ्चार र समाजका विभिन्न पक्षहरूमा भाग लिने समग्र क्षमतालाई असर गर्न सक्छ ।

**सामाजिक सीपः** सम्बन्ध निर्माण र कायम राख्न, समुदाय भित्र काम गर्न र अरूसँग प्रभावकारी रूपमा अन्तरक्रिया गर्न आवश्यक हुन्छन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक सीपहरूमा चुनौतीले सामाजिक संकेतहरू बुझ्न, नियमहरू र मापदण्डहरू पालना गर्न र अर्थपूर्ण पारस्परिक सम्बन्धहरू गठन गर्न कठिनाइहरू निम्त्याउन सक्छ । तिनीहरूले जिम्मेवारीहरू लिन, आफ्नो लागि वकालत गर्न वा सहज सामाजिक अन्तरक्रियामा संलग्न हुन संघर्ष गर्नु पर्दछ ।

**व्यावहारिक सीपः** व्यवहारिक सीपले दैनिक जीवनका गतिविधिहरू प्रदर्शन गर्ने क्षमता समावेश गर्दछ । जस्तैः व्यक्तिगत सरसफाइ रस्वच्छता, खाना पकाउने र सार्वजनिक यातायात प्रयोग गर्ने । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको ज्ञान, धारणा तथा बुझाईको सीमितताहरूको कारणले यी सीपहरू सिक्नमा अवरोधहरू सामना गर्न सक्छन् ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई यी बाधाहरू पार गर्न र जीवनको गुणस्तर बृद्धि गर्न आवश्यकता अनुसार सहयोग  र स्रोतहरू प्रदान गर्न आवश्यक हुन्छ । यी अवरोधहरूलाई सम्बोधन गरेर र सहयोग र अवसरहरू प्रदान गरेर, समाजले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्ण क्षमतामा पुग्न, पूर्ण जीवनको जीउन र उनीहरूलाई समुदायमा अर्थपूर्ण रूपमा योगदान गर्न सशक्त बनाउन सक्छ ।

### ४.१७ सिकाइ ढाँचा ( Learning Pattern )

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सिकाउने तरिकाहरु तिनीहरूको अवस्था, क्षमता, बौद्धिक तथा शारीरिक अवस्थाको आधारमा भिन्न हुन सक्छन् । यद्यपि, यहाँ केही सामान्य सिकाइ ढाँचा र रणनीतिहरू छन् जुन बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रभावकारी हुन सक्छन् ।

### ४.१७.१ सरल तथा सचित्र भाषा ( Easy to Read )

पढ्न सजिलो भन्नाले सरल भाषा र सचित्र लिखित सामग्रीको सिर्जनालाई जनाउँछ । जुन साक्षरताको स्तर कम, आधारभूत ज्ञान, धारणा तथा बुझाई कम भएका व्यक्तिहरू वा नयाँ भाषा सिक्नेहरू सहित विभिन्न सहभागीद्वारा सजिलै बुझ्नको लागि डिजाइन गरिएको हुन्छ । यस दृष्टिकोणले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि पढाइ वा सिकाउने क्षमतालाई ध्यान दिई पहुँचयुक्त र बुझ्न सकिने कुरा सुनिश्चित गर्ने लक्ष्य राख्छ ।

“पढ्न सजिलो“ सामग्रीहरू उत्पादन गर्ने प्रक्रियामा सरल शब्दहरू र वाक्य संरचनाहरू प्रयोग गर्ने, बुझाइलाई  सहयोग  गर्न चित्रहरू र रेखाचित्रहरू जस्ता दृश्य सामग्रीहरु समावेश हुन्छ । “पढ्न सजिलो“ सामग्रीको प्राथामिकता भनेको बौद्धिक अपाङ्गता, अटिजम र सिक्ने कठिनाइ भएका व्यक्तिहरूको लागि हुन् । यस्ता सामग्रीको प्रवर्द्धनले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई पढ्न र सिक्न सजिलो बनाउँछ। यसका  माध्यमद्वारा तयार गरी प्रकाशित गरिएका तथा प्रसारण हुने सामग्रीहरूले उनीहरुको सिकाइ प्रक्रियालाई सरल बनाई नयाँ कुराहरू सिक्न सहयोग गर्छ ।

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात सुधार गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट स्वीकृती लिई राष्ट्रिय सीप परिक्षण समितिबाट स्तर निर्धारणका लागि पहल गरिनेछ ।

तलको भागमा बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालले गरेको अध्ययनको आधारमा बौद्धिक अपाङ्गता भएका व्यक्तिलाइ रोजगारीको उपयुक्त क्षेत्र पहिचान गरी सोका आधारमा सम्भावित क्षेत्रको बिषयबस्तुहरुलाई समावेश गरिएको छ ।

## ५.१ असिष्टेण्ट हाउसकिपिङ्ग क्लिनर ( Assistant Housekeeping Cleaner )

यस तालिम कार्यक्रम अन्तर्गत बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले हाउसकिपिङ्ग क्लिनरले सम्पादन गर्ने कार्यमा आधारित भएर कुनै एक बिषय क्षेत्रमा दक्षता हासिल गर्ने गरि तयार गरिएको छ । यसमा हाउसकिपिङ्गका लागि पूर्व तयारी, होटल, रेष्टुरेन्ट र कार्यालयको बाहिरी तथा भित्री भागहरुको सरसफाइ (कार्यक्षेत्रको सरसफाइ), बेडरुम तथा शौचालयहरु सरसफाइ, फोहोर विसर्जनका मोड्यूलहरु समावेश गरिएको छ । स्वरोजगार हुन चाहने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको उद्यमशीलता विकासका लागि समेत यो पाठ्यक्रम सहयोगी हुने गरी बिषयवस्तु समावेश गरिएका छन् । यो “हाउसकिपिङ्ग क्लिनर” होटल तथा रेष्टुरेन्टहरुका भित्री तथा बाहिरी सरसफाइ गर्ने तालिम प्राप्त दक्ष व्यक्ति हुन् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले यस तालिमको माध्यमबाट हाउसकिपिङ्ग क्लिनरको आवश्यक ज्ञान र सीप प्राप्त गरी रोजगारी र स्वरोजगार क्षेत्रमा सुरक्षित तरिकाले कार्य समेत गर्न सक्नेछन् ।

६० दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ ।

**तालिमका उद्देश्यहरु**

**बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले,**

- सरसफाइका लागि प्रयोग हुने विभिन्न औजार, उपकरण र सामाग्रीहरु चिन्ने र तिनीहरुको प्रयोग र व्यवस्थापन बारे जान्नेछन् ।
- विभिन्न किसिमका होटल, रेष्टुरेन्ट र कार्यालयको बाहिरी तथा भित्री भागहरुको सरसफाइ गर्न, बाथरुम, शौचालय सरसफाइ गर्न, बेडरुम तथा बेडहरु मिलाउन, लत्ताकपडा धुन र धोएका कपडाहरुको व्यवस्थापन गर्न, फोहरहरुलाई विसर्जन गर्न जान्नेछन् ।
- रोजगार तथा स्वरोजगार भई सीपलाई श्रमसँग आबद्ध गरी आयआर्जन गर्नेछन् ।

### तालिमका बिषयवस्तु

| बिषय क्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक सिप | जम्मा घण्टा |
|---|---|---|---|---|
| **हाउसकिपिङ्ग पूर्वतयारी** | १. कार्यक्षेत्र बारे परिचय<br>२. पेशागत आचरण (Dos and Don't Dos)<br>३. होटलः परिचय तथा प्रकार<br>४. रुम र एसेसरिजः परिचय तथा प्रकार, महत्व<br>५. बेडः परिचय, प्रकार, साइज<br>६. लिनेनः परिचय, प्रकार तथा साइज<br>७. औजार, उपकरण र सामाग्री पहिचाँन तथा प्रयोग | ४ | १८ | २२ |

**औजार, उपकरण र सामग्रीहरु (Tools, Equipment and Materials):**

तालिम प्रदायक संस्थाले आफ्नै व्यवस्थापनमा वा कुनै होटल व्यवसायसँग समन्वय गरी प्रद( र्शनीका माध्यमबाट सहभागीहरुले सिक्न सक्ने गरी हाउसकिपिङ्ग क्लिनर तालिमको पूर्वतयारी गर्नेछन् । सहभागीहरुले छनौट गरेका तलका तालिम बिषयक्षेत्रहरु अनुसार हुने गरी यो शेसन संचालन गरिनेछ ।

| | | | | |
|---|---|---|---|---|
| **कार्यक्षेत्रमा सरसफाइ** | १. ठोस फोहरहरु टिप्ने<br>२. पानी हाली धुलो मार्ने<br>३. कुचोले कम्पाउण्ड सफा गर्ने<br>४. गेट सफा गर्ने<br>५. कम्पाउण्ड वाल सफा गर्ने<br>६. पार्किङ्ग लाइट सफा गर्ने<br>७. इन्डोर प्लान्ट व्यवस्थापन गर्ने, गमला सफा गर्ने र सजाउने<br>८. टेबल कुर्सी, फर्निचर डस्टिङ्ग गर्ने<br>९. दागहरु हटाउने<br>१०. टेबल कुर्सी मिलाउने<br>११. कम्पाउण्ड एरियाका डस्टविनरएष्ट्रेहरु सफा गर्ने<br>१२. पत्रपत्रिका मिलाउने<br>१३.सलिङ्ग र वाल सफा गर्ने<br>१४. पंखा, बत्ती, फोटो, पोष्टरहरु सफा गर्ने<br>१५. झ्याल, ढोका आदिको सिसा, फ्रेम सफा गर्ने<br>१६. कुचोले भुई सफा गर्ने<br>१७. सोफा सरसफाइ गर्ने<br>१८. टेलिभिजन, ए.सि. ग्रिल, टेलिफोन, साउण्ड सिस्टम सफा गर्ने<br>१९. धातुका सजावटका सामान ब्रसले सफा गर्ने<br>२०. पर्दा मिलाउने<br>२१. भुइ मपिङ्ग गर्ने<br>२२. फर्निचरहरु यथास्थानमा मिलाउने<br>२३. मर्मत संभार गर्नुपर्ने भए चेक गरी रिपोर्टिङ्ग गर्ने | ६ | २४ | ३० |

| | | | | |
|---|---|---|---|---|
| **औजार, उपकरण र सामग्रीहरु ( Tools, Equipment and Materials ):**<br>डस्टविन, पञ्जा, डस्टप्यान, ब्रस, गार्वेज झोला, सफा गर्ने ब्रश, पाईप, बकेट, मग, मास्क, Hard and Soft Broom, डस्टर (कपडा), खस्रो प्याड, कुचो, कैची, पानी, सीसा सफा गर्ने केमिकल, Wooden Furniture Polish or Chemical, Gloves, गमलाहरु, पत्रपत्रिका राख्ने स्ट्याण्ड, कुचो, भ्याकुम क्लिनर, कोलिन आदि । | | | | |
| **कोठाको सरसफाइ** | १. सफा गर्न कोठाको तयारी गर्ने<br>२. फ्लोररसिलिङ्गरवाल सफा गर्ने<br>३. झ्याल ढोका सफा गर्ने ।<br>४. एसि, पंखा, टि.भि. सफा गर्ने<br>५. बेडरुमका फर्निचरहरु डस्टिङ्ग गर्ने<br>६. बेडरुमका अन्य सामानहरु सफा गर्ने<br>७. आइरनबोर्ड, केटल, हेयर ड्रायर, आदि सफा गर्ने<br>८. उडन फ्लोर मपिङ्ग गर्ने<br>९. भ्याकुम लगाउने<br>१०. उडन फ्लोर पोलिसिङ्ग गर्ने<br>११. विद्युत आपुर्ति जाँच गर्ने<br>१२. फाइल तथा अन्य कागजपत्र व्यवस्थित गर्ने<br>१३. एसि, टि.भि. रिमोर्ट जाँच गर्ने<br>१४. किरा तथा जिवाणुहरु नियन्त्रण गर्ने<br>१५. कार्पेट स्याम्पुइङ्ग गर्ने ।<br>१६. रुमको ओभरअल जाँच गर्ने<br>१७. लष्ट एण्ड फाउण्ड चेक गरी रिपोर्ट गर्ने | ६ | २४ | ३० |

| | | | | |
|---|---|---|---|---|
| **औजार, उपकरण र सामग्रीहरु (Tools, Equipment and Materials):**<br>रुमको साँचो, सफा गर्ने केमिकल, पन्जा, ग्रीन प्याड , फर्म, पानी, बाल्टी, केमिकल (सिसां पुछ्ने), केमिकल (फर्निचर सफा गर्ने), सफा सुख्खा कपडा, कलर कोटेड डस्टर, Applicator र Wiper, Safety Belt, डस्टर (कपडा), बेडरुममा भएका अन्य सामानहरु, Dettol or Disinfection for telephone, आइरनबोर्ड, केटल, हेयर ड्रायर, फ्लोर ब्रस, प्यान, मपिङ्ग डण्डा, भ्याकुम क्लिनर मेसिन, रुम फोल्डर, रिमोट र रिमोटको व्याट्री, कार्पेट ब्रस, कार्पेट स्याम्पुइङ्ग, ओभरअल जाँच फर्मेट, रिपोर्टिङ्ग फर्मेट आदि | | | | |
| **शौंचालय सरसफाइ** | १. सफा गर्न बाथरुमको तयारी गर्ने<br>२. सिलिङ्ग र वाल सफा गर्ने<br>३. Water Flow सिस्टम जाँच गर्ने<br>४. सिसा तथा जाली सफा गर्ने<br>५. ऐना सफा गर्ने<br>६. वास बेसिन, कमोड, प्यान, वाथटव र धाराका टुटीहरु सफा गर्ने<br>७. कमोड, प्यान सफा गर्ने<br>८. स्क्रबिङ्ग गर्ने<br>९. वाथरुम एसेसरीजहरु सफा गर्ने<br>१०. वाथरुम एसेसरीजहरु रिएरेन्जररिप्लेस गर्ने<br>११. फिक्स्चर, सावर सफा गर्ने<br>१२. ढोकाका हेण्डल सफा गर्ने<br>१३. Dust bin सफा गरि bin Linner रिप्लेस गर्ने<br>१४. बाथरुम सुख्खा हुने गरी पुछ्ने | ६ | २४ | ३० |
| **औजार, उपकरण र सामग्रीहरु (Tools, Equipment and Materials):**<br>कमोड, कमोड ब्रस, ब्रस, रबर, मास्क, बकेट, मग, क्लिनिङ्ग पाउडर, हार्पिक, बाथरुममा प्रयोग हुने केमिकलहरु, Disposable Gloves, ब्रसहरु, Duster, Microfiber cleaning cloth, पानी, सिसा क्लिनर, सफा कपडाहरु, खस्रो प्याड, क्लिनिङ्ग पाउडर, पानी । | | | | |

| | | | | |
|---|---|---|---|---|
| **फोहोर व्यवस्थापन** | १. फोहोर जम्मा गरिएका स्थानहरुबाट फोहोर संकलनरचेक गर्ने<br>२. कुहिने र नकुहिने र सीसाजन्य फोहोर छुट्याउने<br>३. कम्पोष्ट बन्ने फोहोर व्यवस्थापन गर्ने ।<br>४. डिस्पोजेवल फोहोर व्यवस्थापन गर्ने ।<br>५. रिसाइकल हुने फोहोरको व्यवस्थापन गर्ने ।<br>६. फोहोर राख्ने विनहरु सफा गर्ने | ६ | २४ | ३० |
| **औजार, उपकरण र सामग्रीहरु ( Tools, Equipment and Materials):**<br>गार्वेज ब्याग र वीन, रबर पन्जा, मास्क, बकेट, एप्रोन, चिम्टा, पुछ्ने कपडा, फनेल आदि | | | | |
| **बेडरुम मेकिङ्ग** | १. वेड फ्रिल (स्कटिङ्ग) लगाउने ।<br>२. म्याट्रेस र डसना मिलाउने ।<br>३. बेडसिट परिवर्तन गर्ने ।<br>४. पिलो र ब्लाङ्केट कभर परिवर्तन गर्ने ।<br>५. ब्लाङ्केट टक गर्ने ।<br>६. बेड कभर मिलाउने ।<br>७. टावेल ट्रइगल फोल्ड गर्ने ।<br>८. टावेल फोल्ड गर्ने ।<br>९. मिनिबार सेट गर्ने ।<br>१०. मिनिबारको अभिलेख राख्ने ।<br>११. रुम सप्लाइहरु मिलाउने ।<br>१२. फ्रेस फुलहरु सेट गर्ने ।<br>१३. रुम फ्रेस गर्ने । | ६ | २४ | ३० |
| **औजार, उपकरण र सामग्रीहरु ( Tools, Equipment and Materials ):**<br>बेड फ्रिल, बेड, बेड कभर, म्याट्रेसरडसना, तन्ना, व्लाङ्केट, र ब्लाङ्केट कभर, पिलो कभर, टावेल, मिनिबार, खाद्य तथा पेय पदार्थहरु, बिल, भौचर, कलम, कापी, मेनु, मैनबत्ती, टावेल, एष्ट्रे, कैंची, फुल, फुलदानी, डस्टविन, रुम फ्रेसनर आदि । | | | | |

| | | | | |
|---|---|---|---|---|
| **आन्तरिक संचार सीप** | १. कार्यस्थलमा संचार गर्ने व्यक्तिको पहिचान गर्ने<br>२. संचार गर्दा आदर सूचक शब्द, नम्र र सरल भाषा प्रयोग गर्ने ।<br>३. भेट हुँदा वा टेलिफोनमा सुरुमा अभिवादन गर्ने । टेलिफोनमा कुरा गर्दा आफ्नो परिचय र फोन गर्नाको उद्देश्य प्रष्ट पार्ने<br>४. मौखिक संचार गर्दा कुरा सकिए पछि समय दिएकोमा धन्यवाद दिने<br>५. ग्राहकहरुसँग संचार गने<br>६. कार्यस्थलमा भएका सिनियर र जुनियरसँग संचार गर्ने<br>७. साथीहरुसँग संचार गर्ने<br>८. आफ्नो कार्य बाहेक अरु काममा भएका सहकर्मीहरुसँग संचार गर्ने<br>९. रोजगारदातासँग संचार गर्ने | ६ | २४ | ३० |
| **औजार, उपकरण र सामग्रीहरु ( Tools, Equipment and Materials ):**<br>संचारका बिभिन्न साधनहरु र तिनिहरुको प्रयोग विधि, संचारका माध्यमहरु र विभिन्न व्यक्तिह( रुसँग संचार गर्दा ध्यान दिनु पर्ने कुराहरु बारे जानकारी दिने | | | | |
| **उद्यमशीलता विकास** | १. व्यवसायको अवधारणा सिकाउने ।<br>२. व्यवसायिक विचारको श्रृजना गरी व्यवसाय संचालन सम्बन्धी अवधारणाको विकास गर्ने ।<br>३. व्यवसायको आधारभूत अभिलेख तयारी गर्न सिकाउने | ९ | ३६ | ४५ |
| | **जम्मा (घण्टा)** | ४९ | १९८ | २४७ |
| | **जम्मा दिन** | ७ | ३३ | ४० |

## ५.२ वेटर (waiter)

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई बजार मागमा आधारित भई यो वेटरको पेशासँग सम्बन्धित ज्ञान र सीपयुक्त तथा रोजगार पाउन योग्य दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले यो तालिमका बिषयवस्तुहरु तयार गरिएको छ। यो तालिम पश्चात बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले होटल, लज तथा रेष्टुरेन्टहरुका सेवा क्षेत्रहरुमा रोजगारी प्राप्त गर्ने वा स्वरोजगार हुनेछन्। यस तालिमका लागि तयार गरिएका पाठ्यसामग्रीले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुमा रहेका ज्ञान र सीपमा सुधार ल्याई पेशाका लागि आवश्यक दक्ष वेटर बन्न मद्दत गर्नेछन्।

१५ दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ।

**तालिमका उद्देश्यहरु**

वेटरले गर्नुपर्ने विभिन्न प्रकारका सेवा प्रवाह र सरसफाइका क्रियाकलापहरु सम्पादन गर्ने।

तालिमका बिषयवस्तु

| बिषय क्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक (सीप) | जम्मा घण्टा |
|---|---|---|---|---|
| **होटल तथा रेष्टुरेन्ट** | १. परिचय<br>२. होटल तथा रेष्टुरेन्टका प्रकारहरु<br>३. साना, मझौला तथा ठुला होटलको संरचना (Organization Chart)<br>४. वेटर भनेको के हो<br>५. वेटरका गुणहरु<br>६. वेटरका सम्भावित कार्य क्षेत्रहरु<br>७. होटल तथा रेष्टुरेन्टमा सर्भिसका प्रकारहरु<br>८. औजार उपकरण तथा सामाग्री पहिँचान तथा प्रयोग<br>९. होटल रेष्टुरेन्टमा प्रयोग गरिने शब्द शब्दावलीहरु | ४ | १६ | २० |

| | | | | |
|---|---|---|---|---|
| **पूर्वतयारीका कार्यहरु** | १. रेष्टुरेन्टको सरसफाइ गर्ने<br>२. साइड स्टेशन तयार गर्ने<br>३. औजार तथा उपकरणहरु सफा गर्ने<br>४. Refreshing Towel तयार गर्ने<br>५. Cutlery पुछ्ने<br>६. Crockery पुछ्ने<br>७. Glass ware पुछ्ने<br>८. नेपकिन फोल्ड गर्ने<br>९. A la Carte (मेनु) टेबुल सेट अप गर्ने<br>१०. Table d hote टेबुल सेट अप गने | ६ | २४ | ३० |
| **ग्राहकहरुलाई सेवा दिने** | १. ग्राहकहरुलाई अभिवादन गर्ने<br>२. सिट प्रदान गर्ने<br>३. Guest Napkinप्रदान गर्ने<br>४. Refreshing Towel प्रदान गर्ने<br>५. Water Serve गर्ने<br>६. Menu Present गर्ने<br>७. अर्डर लिने<br>८. पेय पदार्थ Serve गर्ने<br>९. खाना Serve गर्ने<br>१०. Soiled Plate/Cutlery Clearing गर्ने<br>११. Crumbing गर्ने<br>१२. Dessert Serve गर्ने<br>१३. पूरा अर्डरको हिसाब पेश ( bill) गर्ने<br>१४. प्रशंसा र शिकायतहरुको टिपोट गर्ने<br>१५. ग्राहक वा पाहुनालाई बिदाइ गर्ने | ४ | १६ | २० |

| | | | | |
|---|---|---|---|---|
| **ग्राहक सेवा पछिका कार्यहरु** | १६. टेबल Clearing गर्ने<br>१७. Soiled Linen Laundry मा पठाउने<br>१८. Inventory राख्ने<br>१९. Requisition गर्ने<br>२०. रेष्टुरेन्ट बन्द गर्ने | ३ | १२ | १५ |
| | **जम्मा घण्टा** | **१७** | **६८** | **८५** |
| | **जम्मा दिन** | **३** | **१२** | **१५** |

### ५.३ किचन सहयोगी

यो तालिम कार्यक्रमका बिषयवस्तुहरु बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले होटेल तथा रेष्टुरेन्टमा किचन सहायकका रुपमा कार्य गर्नका लागि उपयोगी हुने गरी तयार गरिएका छन् । तालिम कार्यक्रममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको कार्य क्षमतालाई ध्यानमा राखी आवश्यक आधारभूत ज्ञान र सीपहरु समावेश गरिएको छ । यस तालिम पश्चात सहभागीहरुले एकातिर प्रयोगात्मक अभ्यासबाट किचन सहयोगीका लागि आवश्यक ज्ञानसीप प्राप्त गर्नेछन् भने अर्कोतिर कार्यस्थलमा प्रयोग गरिने औजार, उपकरण तथा सामग्रीहरु सुरक्षित तरिकाले प्रयोग गर्न सक्नेछन् ।

३० दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ ।

### तालिमका उद्देश्यहरु

होटेल तथा रेष्टुरेन्टमा किचन सहयोगीले गर्नुपर्ने विभिन्न प्रकारका कार्यहरु बारे ज्ञान तथा सीप प्रदान गर्ने ।

**तालिमका बिषयवस्तु**

| बिषयक्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक (सीप) | जम्मा घण्टा |
|---|---|---|---|---|
| **भान्छा** | १. भान्छाको परिचय, प्रकार र भागहरु<br>२. साना होटलमा भान्छाको सांगठनिक संरचना<br>३. भान्छाका कर्मचारीहरुको कार्य विवरण<br>४. भान्साको स्वच्छता र सरसफाइ सम्बन्धी परिचय र महत्व<br>५. विभिन्न प्रकारका खाना पकाउनका लागि सहयोगी विधिहरु<br>६. भान्सामा प्रयोग गरिने विभिन्न शब्दावलीहरु<br>७. फुड एण्ड वेभरेज के हो परिचय<br>८. फुड एण्ड वेभरेज सर्भ गर्दा गर्न हुने र नहुने कार्यहरु | ६ | २४ | ३० |
| **मः मः बनाउने सामग्रीको ज्ञान** | **सामग्रीहरू जम्मा गर्ने:** मः मः बनाउने तालिमको पहिलो चरण भनेको सबै आवश्यक सामग्रीहरू जम्मा गर्नु हो । यसमा पीठो, पानी, मासु (जस्तै कुखुरा, राँगो, सुँगुर, खसीको मासु) वा तरकारीहरू (जस्तै बन्दा, गाँजर, पालक, च्याउ, वा टोफु), प्याज, लसुन, अदुवा, मसलाहरू (जस्तै जीरा, धनिया, बेसार, नुन, तेल र स्वादको लागि बैकल्पिक जडीबुटी तयार गर्ने ।<br><br>शाकाहारी बिकल्पहरूको लागि, बन्दा, गाँजर, पालक, च्याउ, टोफु, पनीर जस्ता तरकारीहरूको प्रयोग गर्ने | ३ | १२ | १५ |

| | | | | |
|---|---|---|---|---|
| **मःमः तयार गर्ने तरीका** | **पिठोको तयारीः** चिल्लो र लोचदार पीठो बनाउने<br><br>(पीठोलाई पानीमा मिसाइ आटा राम्ररी मुछ्ने र ३० मिनेट छोड्ने)<br><br>**भर्ने तयारीः** भरिने सामग्रीहरू मिलाइन्छ र राम्रोसँग मिसाइन्छ। एकै किसिमको बनावट र स्वाद सुनिश्चित गर्ने ।<br><br>**मः मः लाई आकार दिनेः** पिठोलाई सानो भागमा विभाजन गरी पातलो, गोलाकार बनाउने ।<br><br>**फोल्डिङ र प्लीटिंग गर्नेः** मः मः रैपरहरू आधा-चन्द्र आकारमा तयार गर्ने मः मः बन्द गर्न र्यापरको किनाराहरू एकसाथ पिन्च गर्ने ।<br><br>**स्टिमिङ वा फ्राइङः** एकपटक सबै मः मः आकारमा पुगेपछि, स्टीमर भाँडामा राखि पिठो पारदर्शी नहोउन्जेल लगभग १० देखि १५ मिनेटसम्म पकाउने । बैकल्पिक रूपमा, मः मः लाई क्रिस्पी बनावटको लागि प्यान-फ्राइड वा गहिरो-फ्राइड गर्ने । | २४ | ९६ | १२० |
| **ग्राहकलाई मःमः को स्वादिष्ट सेवा दिने** | तातो र डुब्ने चटनी वा अचार<br><br>सोया सस, भिनेगर, तिलको तेल, खुर्सानीको पेस्ट, लसुन र अदुवा जस्ता सामग्रीहरू प्रयोग गरेर अचार बनाउने | ४ | १६ | २० |
| | **जम्मा घण्टा** | **३७** | **१४८** | **१८५** |
| | **जम्मा दिन** | **६** | **२४** | **३०** |

## ५.४ सेक्युरीटि गार्ड

यो पाठ्यक्रम बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सेक्युरीटि गार्ड हुन आवश्यक ज्ञान, सीप र मनोवृत्तिसँग सुसज्जित सुरक्षा गार्ड तयार गर्न डिजाइन गरिएको छ । यस तालिममा प्रशिक्षार्थीहरूले विभिन्न खालका उद्योग, कारखाना, व्यवसायिक भवनहरु, व्यक्तिगत आवासहरुमा सुरक्षा गर्ने कामको सीप अभ्यास गर्नेछन् । प्रशिक्षार्थीहरूले हासिल गरेको दक्षताले उनीहरूलाई रोजगारीको अवसर प्राप्त हुनेछ । तालिममा कामको प्रकृति, उनीहरूले लामो कामको घण्टा र ड्युटी परिवर्तन (शिफ्टहरू) सँग व्यवहार गर्ने तरिकाहरु बारे जानकारी दिइनेछ ।

१८ दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ ।

**तालिमका उद्देश्यहरु:** यस तालिमको मुख्य उद्देश्य देश विदेशमा रहेका उद्योग, कारखाना, व्यवसायी भवनहरु, व्यक्तिगत आवासहरुमा सुरक्षा सेवा प्रदान गरी रोजगारी प्राप्त गर्ने ।

**तालिमका बिषयवस्तु**

| बिषय क्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक (सीप) | जम्मा घण्टा |
|---|---|---|---|---|
| **सेक्युरीटि व्यवस्थापन** | १. सेक्युरीटि योजना<br>२. व्यक्तिगत व्यवस्थापन<br>३. सेक्युरीटिका आधारभूत सीपहरु | १२ | ६० | ७२ |
| **सेक्युरीटि गार्डिङ** | १. सुरक्षाका लागि हतियार<br>२. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सुरक्षा उपकरणहरु<br>३. सुरक्षा सेवाहरु<br>४. अनुमति प्राप्त गर्ने<br>५. गेट सुरक्षा<br>६. व्यक्तिगत र सम्पत्तिको सुरक्षा | ६ | ३० | ३६ |
| | **जम्मा घण्टा** | **१८** | **९०** | **१०८** |
| | **जम्मा दिन** | **३** | **१५** | **१८** |

## ५.५ प्याकेजिङ सहयोगी

प्याकेजिङ सहायकको भूमिका विभिन्न उद्योगहरूमा महत्वपूर्ण हुन्छ । जहाँ उत्पादनको सुरक्षा, भण्डारण र यातायातका लागि कुशल र प्रभावकारी प्याकेजिङ्ग आवश्यक हुन्छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मविश्वास बढाउन र रोजगारीमा सकारात्मक योगदान बढाउन यो प्याकेजिङ सहायक तालिम पाठ्यक्रम तयार गरिएको छ । यस तालिम पश्चात सहभागीहरु प्याकेजिङ प्रक्रियामा संलग्न हुनेछन्, जसमा एसेम्बलिङ, फिलिंग, सील, लेबलिङ, र प्याकिङ्ग गर्ने

कार्यहरु गरिनेछ र उचित प्याकेजिङ्ग प्रविधिहरू सुनिश्चित गर्न र गुणस्तर कायम राख्न प्याकेजिङ सहायकको भूमिका महत्वपुर्ण हुनेछ। प्याकेजिङ सहायकहरूले प्याकेजिङ प्रक्रियाहरूसँग सम्बन्धित कागजातहरू, प्याकेज गरिएको मात्रा, उत्पादन कोडहरू र अन्य सान्दर्भिक जानकारी सहित सबै आवश्यक प्याकेजिङका कार्यहरु भए नभएको समेत सुनिश्चित गर्नेछ। प्याकेजिङ्ग मेसिनरी र उपकरणहरू सफा, मर्मत गर्न र कुनै खराबीको अवस्थामा समस्या निवारण गर्न वा उपयुक्त कर्मचारीहरूलाई समस्याहरू रिपोर्ट गर्न समेत यस तालिमले मद्दत गर्नेछ।

२० दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ।

**तालिमका उद्देश्यहरुः** यस तालिमको मुख्य उद्देश्य प्याकेजिङ प्रक्रियाको ज्ञान, प्याकेजिङ सामग्रीको व्यवस्थापन, प्याकेजिङ प्रणाली र उपकरणहरूको प्रयोग, प्याकेजिङ गुणस्तर नियन्त्रण, सुरक्षा र गुणस्तर परिक्षण टिमवर्क, समन्वय, समस्या निवारण र व्यवस्थापन, र ग्राहक सेवा र सम्पर्क गर्ने।

**तालिमका बिषयवस्तु**

| बिषय क्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक (सीप) | जम्मा घण्टा |
|---|---|---|---|---|
| **प्याकेजिङ्ग** | १. प्याकेजिङ्गका लागि प्राप्त सामग्रीहरू वा उत्पादनहरू जाँच गर्ने<br>२. उत्पादन र सामग्रीहरू मापन, तौल र गणना गर्ने<br>३. ट्यागहरू वा उत्पादन चिन्ह लगाउने र लेबल गर्ने<br>४. प्याकिङ्गको अवधिमा उत्पादनमा कुनै खराबी भेटिएमा सामग्रीहरू हटाउने र सो को स्पष्ट विवरण राख्ने<br>५. प्याकिङको गुणस्तर र विशिष्टताहरू पूरा भए नभएको सुनिश्चित गर्ने<br>६. कार्टुन, क्रेट, कन्टेनरहरुको रेकर्ड राख्ने र क्रमबद्ध तरीकाले मिलाउने<br>७. प्याकिङ पश्चात ग्राहकहरूको सवारी साधनहरूमा सामग्री र उत्पादनहरू ढुवानीका लागि लोड गर्न सहयोग गर्ने | १२ | ४८ | ६० |

| | | | | |
|---|---|---|---|---|
| **सामग्रीहरु** | १. स्केल<br>२. कम्प्यूटरीकृत तराजू<br>३. बक्स सील टेप<br>४. बन्डलिङ मेसिन<br>५. पंजा हथौडा<br>६. भुइँ वा प्लेटफार्म स्केल<br>७. औद्योगिक तराजू<br>८. सिल मेसिनरी<br>९. ब्यागिङ मेसिनहरू<br>१०. क्लैमशेल सीलरहरू<br>११. तातो सीलरहरू<br>१२. गोंद (तातो) बन्दुकहरू<br>१३. र्‍याप मेसिनहरू<br>१४. लेबल मेसिनहरू, प्रिन्टरहरू<br>१५. स्टेंसिल मेसिनहरू<br>१६. प्याकेजिङ भ्याकुम<br>१७. पेन्ट ब्रश<br>१८. स्टेंसिल ब्रश<br>१९. पेन्ट रोलरहरू<br>२०. स्टेंसिल रोलरहरू<br>२१. प्यालेट ज्याकहरू<br>२२. व्यक्तिगत कम्प्युटरहरू<br>२३. वायमेटिक नेल ड्राइभरहरू<br>२४. पावर नेलर्स<br>२५. पावर आरी<br>२६. पावर स्टेपल गन<br>२७. पावर ट्र्याकरहरू<br>२८. कम्प्युटर स्क्यानर<br>२९. स्क्रू ड्राइभरहरू<br>३०. कार्टुन बन्द गर्ने स्टेपलरहरू, खुट्टाले संचालित स्टेपलरहरू, वायमेटिक रोल स्टेपलर, वायमेटिक स्टिक स्टेपलर<br>३१. इलेक्ट्रिक टेबलटप स्टेपलरहरू, निर्देशिका, हाते स्टेपलरहरू<br>३२. र्स्ट्यापिंग डिस्पेंसर, र्स्ट्यापिंग उपकरण, स्ट्रेच र्याप डिस्पेंसरहरू<br>३३. र्स्ट्यापिंग टेन्सनर्स वा सीलरहरू<br>३४. मापन टेपहरू<br>३५. उपयोगिता चक्कुहरू<br>३६. तार कटर - पट्टा कटर<br>३७. तार लग क्रिमिङ उपकरण<br>३८. प्लास्टिक र्स्ट्याप क्रिमर्स<br>३९. र्स्ट्यापिङ मेसिनहरू, स्ट्रेच र्यापिङ मेसिनहरू | १२ | ४८ | ६० |
| | **जम्मा घण्टा** | **२४** | **९६** | **१२०** |
| | **जम्मा दिन** | **४** | **१६** | **२०** |

### ५.६ पेन्टीङ्गर चित्रकला

यस पाठ्यक्रमले पेन्टीङ्गरचित्रकलाका लागि आवश्यक सीप र ज्ञान प्रदान गर्दछ र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई यस स्तरको प्राविधिक जनशक्तिका रुपमा तयार गर्नका लागि आवश्यक विशिष्ट उपकरण, सामग्री प्रयोग गरेर सीपहरू अभ्यास गराइनेछ । यो तालिम सफलतापूर्वक सम्पन्न गरेपछि सहभागी प्रशिक्षार्थीहरूले औजाररसामग्रीरउपकरण ह्यान्डल गर्ने, धुनेरसुकाउने, डिजाइनरढाँचा तयार गर्ने, ग्राफ पेपरमा डिजाइन गर्ने, ट्रेसिङ गर्ने, रङको संयोजनबाट रङहरू तयार गर्ने, कपडा पेन्टिङ गर्ने, फिनिसिङ, इस्त्री, प्याकेजिङरभण्डार, कपडामा पेन्टिङ, सजावटी वस्तुहरूको चित्रकला, बजार उत्पादनहरू पठाउने र चित्रकला गतिविधिहरू व्यवस्थापन र पेन्टीङ्गरचित्रकला प्रदर्शनी समेत संचालन गर्न सक्नेछन् ।

४५ दिन अवधिको यस तालिममा ८० प्रतिशत प्रयोगात्मक (सीप) र २० प्रतिशत सैद्धान्तिक (ज्ञान) दिइनेछ ।

**तालिमका उद्देश्यहरु**

यस पाठ्यक्रमको मुख्य उद्देश्य बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई पेन्टीङ्गरचित्रकला प्रविधिको सीप र ज्ञान प्रदान गरी पेन्टीङ्गरचित्रकलाको क्षेत्रमा तल्लो तहको प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी रोजगारीका अवसरहरूसँग जोड्ने ।

**तालिमका बिषयवस्तु**

| बिषय क्षेत्र | क्रियाकलाप | सैद्धान्तिक (ज्ञान) | प्रयोगात्मक (सीप) | जम्मा घण्टा |
|---|---|---|---|---|
| **सामाग्री र उपकरणहरू ह्यान्डल गर्ने** | १. ब्रश ह्यान्डल गर्ने<br>२. साधारणरजिग्ज्याग कैंची ह्यान्डल गर्ने<br>३. कढाईको औंठीहरू ह्यान्डल गर्ने<br>४. कार्बन पेपरहरू ह्यान्डल गर्ने<br>५. ग्राफ पेपरहरू ह्यान्डल गर्ने<br>६. ट्रेसिङ पेपरहरू ह्यान्डल गर्ने<br>७. प्यालेटरप्लेट ह्यान्डल गर्ने<br>८. फलामरफलामको बोर्ड ह्यान्डल गर्ने<br>९. कपडारइन्च टेप ह्यान्डल गर्ने<br>१०. रंग ह्यान्डल गर्ने<br>११. चित्रकारी तालिका ह्यान्डल गर्ने | ६ | २४ | ३० |

| | | | | |
|---|---|---|---|---|
| **धुने र सुकाउने कार्य गर्न** | १. धुनका लागि चिसो पानी प्रयोग गर्ने<br>२. धुने आवश्यकता निर्धारण गर्ने<br>३. चिसो साबुन पानी वा सर्फ पानी तयार गर्ने<br>४. चित्रहरू धुने<br>५. छायामा चित्रहरू सुकाउने<br>६. चित्रित कपडाको उल्टो छेउमा फलाम वा काठ राख्ने | ६ | २४ | ३० |
| **ग्राफ पेपर तथा कपडामा डिजाइन र ढाँचा तयार गर्न** | १. फूलहरूको डिजाइन तयार गर्ने<br>२. पातहरूको डिजाइन तयार गर्ने<br>३. निर्देशन प्राप्त गर्ने<br>४. कार्टुन डिजाइनहरू तयार गर्ने<br>५. देवीरदेवताहरूको डिजाइन तयार गर्ने<br>६. जनावरहरूको डिजाइन तयार गर्ने<br>७. चराहरूको डिजाइन तयार गर्ने<br>८. माछाको डिजाइन तयार गर्ने<br>९. जहाजको डिजाइन तयार गर्ने<br>१०. मन्दिरको डिजाइन तयार गर्ने<br>११. पहाडको डिजाइन तयार गर्ने<br>१२. तालहरूको डिजाइन तयार गर्ने<br>१३. रूखहरूको डिजाइन तयार गर्ने<br>१४. घरको डिजाइन तयार गर्ने<br>१५. परम्परागत संस्कृति देखाउने डिजाइनहरू तयार गर्ने<br>१६. बजार योग्य डिजाइनरढाँचाहरू सिर्जना गर्ने | २४ | ९६ | १२० |

| | | | | |
|---|---|---|---|---|
| **रङ्ग संयोजनहरू पूरा गर्न** | १. सुन्तला रंग तयार गर्ने<br>२. क्रोम पहेंलो रंग तयार गर्ने<br>३. हरियो रंग तयार गर्ने<br>४. हल्का पात हरियो रंग तयार गर्ने<br>५. बैजनी रंग तयार गर्ने<br>६. खैरो रंग तयार गर्ने<br>७. ब्रन्ट सिएना रंग तयार गर्ने<br>८. गुलाबी रंग तयार गर्ने<br>९. खैरो रंग तयार गर्ने<br>१०. जैतून हरियो रंग तयार गर्ने | ६ | २४ | ३० |
| **कपडा तथा पेपरका पेन्टिङ्गर चित्रकला प्रदर्शन गर्न** | १. रिंगहरू समायोजन गर्ने<br>२. हातको सन्तुलन बनाउने<br>३. अस्तररराउन्डरसमतल ब्रश ह्यान्डल गर्ने<br>४. अस्तर ब्रशको साथ कपडामा डिजाइनको रूपरेखा बनाउन्<br>५. राउन्ड ब्रसको साथ डिजाइनमा रङरपेन्ट लगाउने<br>६. फ्ल्याट ब्रशको साथ डिजाइनमा शेडहरू बनाउने<br>७. कपडामा फूल बनाउने<br>८. कपडामा कार्टुन पेन्ट गर्ने<br>९. कपडामा देवतारदेवीलाई चित्रित गर्ने<br>१०. कपडामा जनावरलाई चित्रित गर्ने<br>११. कपडामा चरा पेन्ट गर्ने<br>१२. कपडामा माछा पेन्ट गर्ने<br>१३. कपडामा जहाज पेन्ट गर्ने<br>१४. कपडामा मन्दिर रङ्ग गर्ने<br>१५. कपडामा पहाड कोर्ने<br>१६. कपडामा ताल पेन्ट गर्ने<br>१७. कपडामा रूख पेन्ट गर्ने<br>१८. कपडामा घर रंग गर्ने | १२ | ४८ | ६० |

| | | | | |
|---|---|---|---|---|
| **मिलाएर व्यवस्थित ढंगले प्याकेजिङ र भण्डारण गर्न** | १. चित्र बनाएको कपडा जाँच गर्ने<br>२. गल्तीरत्रुटिहरू भएमा पहिचाँन गर्ने<br>३. चित्रहरूरढाँचाहरू पुनः हेर्ने<br>४. नचाहिने रङहरू हटाउने<br>५. चित्रित उत्पादित वस्तुहरुलाई बजारीकरणका लागि अन्तिम रुप दिने (प्याकेजिङ र भण्डारण गर्ने) | ३ | १२ | १५ |
| | **जम्मा घण्टा** | **५७** | **२०४** | **२६१** |
| | **जम्मा दिन** | **१०** | **३५** | **४५** |

## सन्दर्भ सामग्री


१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को छोटो अवधिको तालिम कार्यक्रमका पाठ्यक्रम

२. ONET Occupational Information network (Internet resources)

३. An update on relating needs assessment and needs analysis by Ryan Watkins, R Kaufman, 1996

४. Disability Resource book 2078

५. Inclusive Education Policy for persons with disabilities 2073

६. Learning through play manual, The rabbit school

७. National Manual on Teaching Children with Intellectual Disabilities, Learning Disabilities and Autism Spectrum Disorder, Ministry of Education, Youth and Sport, Kingdom of Cambodia, Nation Religion King

८. Educating and Caring for Children with Profound Intellectual Disability, A manual for carers and teachers, Teacher Empowerment for Disability Inclusion (TEDI), September 2019

९. नेपालको संविधान २०७२

१०. स्थानीय सरकार संचालन ऐन २०७४

११. अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी ऐन २०७४


१२. बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिएको सेवा प्रवाहको प्रभावकारिता मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदन, नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं, नेपाल

१३. सहकारी ऐन २०७४

१४. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

१५ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७

# बौद्धिक अपाङ्गताका अभिभावक महासङ्घ, नेपालमा आवद्ध सदस्य संस्थाहरू रहेका जिल्लाहरू




सदस्य संस्थाहरू रहेका जिल्लाहरू